# अध्याय -एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पारिवारिक, सांस्कृतिक, आर्थिक, मनोरञ्जन, स्वास्थ्यपचार अध्ययन, लगायत अन्य कुनै पनि कारणले एउटा व्याक्ति आफ्नो वासस्थान स्थान छाडेर आफ्नो देश भित्रकै वा देश बाहिर अन्य मुलुका विभिन्न स्थलको यात्रा गर्दछ भने त्यस्ता व्याक्तिलाई पर्यटक र उसको भ्रमणको सिलसिला, त्यसवाट उत्पन्न सम्पूर्ण परिणामहरुको समष्टि रुपलाई पर्यटन भनिन्छ । पर्यटन शब्द विभिन्न स्थलको 'वृत्ताकार' रुपमा यात्रा गर्ने तथा कुनै पनि देशको चारै कुनामा मुख्य स्थलको यात्रा गर्ने यात्रीलाई बुझाउन सन् १६४३ मा प्रयोग भएको थियो (नेगी, १९८२ : २१) । अक्सफोर्ड शब्दकोषले सन् १८०० देखी मात्र पर्यटन तथा टुरिष्ट शब्दको प्रयोग हुन थालेको विवरण दिएको छ (भाटिया, १९९७ : ९५) । मानव समाजको विकासको क्रममा मानिसहरुमा विभिन्न उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने गर्दछ । पछि त्यही यात्राले पर्यटनको रुप लिएको पाईन्छ । त्यस समयको यात्रा विशेष गरी जिवन निर्वाहका लागि हुने गर्दथ्यो । आजको युगमा मानिस आफ्नो फुर्सतको केही समयलाई देश विदेश घुम्नमा प्रयोग गर्दछन् । पर्यटनले आफुभन्दा टाढाको समाज, संकृति र प्राकृतिक सौन्दर्यसित परिचित गराएको हुन्छ । पर्यटन विविन्न सामाजिक परिबेश भएका व्याक्तिहरुलाई एक ठाउँमा ल्याएर सामाजीक अन्तरसम्बन्धको दायरालाई फराकिलो बनाउनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ (टुरिजम मार्केट ट्रेण्डस्, १९८६ः ८५) ।

पर्यटनको विकास विशेष गरी आर्थिक उद्देश्यले अभिप्रेरित भएर गरिन्छ । बिकासोन्मुख मुलुकमा रहेका मानिसहरुको आर्थिक समृद्धिको लागि पर्यटनको विकासको सकारात्मक परिणाम दिन सक्छ, । आज विश्वमा धेरै देशहरुले पर्यटनको विकास गरेर आफ्ना जनताको जिवनस्तरमा सुधार ल्याउन उपयोग गरेको देखिन्छ । पर्यटन एउटा श्रममुलुक उद्योग भएकोले यसको प्रत्यक्ष प्रभाव क्षेत्रीय र स्थानिय तहका रोजगारी सृजनामा पर्दछ । यो उद्योगमा ठुलो संख्यामा विभिन्न किसिमका श्रम र सिप भएका मानिसहरुको आवश्यकता पर्ने भएकोले माथिल्लो तहका नीति निर्माण गर्ने देखि लिएर मध्यय स्तरका सिपयुक्त व्याक्ति र श्रम गर्ने मजदुरहरु सम्मले उचित काम पाउन सक्छन् । नेपालमा पर्यटन व्यावसायको प्रारम्भ संगै हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई दरिलो बनाउन, जिवनस्तर उकास्न र गरीबी

निवारण गर्न मद्दत गर्दै आएकोले यसलाई महत्वपूर्ण क्षेत्रको रुपमा लिईन्छ । पर्यटनले नेपालको अर्थतन्त्रलाई उकास्नको लागि रोजगारीका अवसरको सृजना गरेर र सम्पूर्ण विकास नीतिहरुलाई टेवा दिएर सहयोग गरेको छ । पर्यटनलाई अर्थतन्त्रको बलियो आधार मानीन्छ । त्यसैले गर्दा पर्यटनलाई दिगो सामाजिक-आर्थिक कार्यहरुको बहुपक्षिय क्षेत्रको रुपमा चिनिन्छ । नेपालको पर्यटन व्यावसायमा पुरुषको बाहुल्यता रहेको छ । सामाजिक, आर्थिक मान्यता तथा अवरोधका कारण यस व्यावसायमा महिला सहभागिता दर न्यून रहेको छ । नेपालको राष्ट्र बैंकले गरको एक अध्ययन अनुसार पर्यटन र यससँग सम्बद्ध उद्योगमा २०.६ प्रतिशत महिलाहरु संलग्न छन् ( आचार्य, २०१५: २७) ।

नेपाली महिलाहरु पर्यटन योजना बनाउने, नीति निमार्ण गर्ने तथा व्याबस्थापन तहमा अझैसम्म पुग्न सकेको छैनन् । महिलाहरु पर्यटनसंग सम्बद्ध होटेल, रेष्टुरेण्ट, ट्राभल टुर, ट्रेकिङ्ग एजेन्सीहरु, क्रापेट उद्योग, हस्तकलाका सामाग्री उत्पादनमा संलग्न भएको पाईन्छ । यस व्यावसायमा महिला र पुरुषले भिन्नाभिन्नै किसिमका काम गरको पाईन्छ । जस्तै : महिलारहरुले वेटर, क्लीनर, ट्राभल, एजेण्ट, रिसेप्सनिष्ट, बिक्रेता, रुम गर्ल, बार गर्ल, च्याम्वरमेड लगायतका काम गरेको पाइन्छ भने पुरुषहरुले बार म्यान, गार्डेन, ड्राइभर, निर्माणकर्ता, म्यानेजर लगायतका काम गरको देखिन्छ । नेपालको पर्यटन व्याबसायमा तालिम प्राप्त महिलाको संख्या अत्यन्त न्यून छ । होटल व्याबस्थापन तथा पर्यटन तालिम केन्द्रले होटल व्याबस्थापन सम्बन्धि विभिन्न विषयहरु र ट्राभल टुर, ऱ्याफ्टिङ, घुम्ती लगायत अन्य विषयमा दिइरहेको तालिममा ३०७२९ पुरुष र ७१५४ महिलाले तालिम प्राप्त गरेका छन् (नेपाल राष्ट्र बैंक,२०६७)। यो तत्थाङ्कका आधारमा नेपालको पर्यटन व्याबसायमा सहभागि महिलाहरुलाई दक्ष बनाउनको लागि प्रशिक्षणको अति खाँचो छ । यस व्याबसायमा उत्पादन हुने जनशत्तिमा पुरुषकै प्रधानता रहेको देखिन्छ । नेपालमा सन् १९७२/७३ देखी २०१३ सम्म उत्पादन भएको जनशक्तिमा पुरुष २६१९४ र महिला ५७९० जान छन् । पेष्ट्री, बेकरी, मिष्ठान उत्पादन होटलको लेखासम्बन्धी सेमिनार जस्ता क्षेत्रमा महिलाको उत्पादनमा न्युन छ ( नेपाल टुरीजम स्टाटिस्टिक्स् २०१३) ।

नेपालको पर्यटन व्याबसाय परम्परागत रुपमा पुरुष प्रदान भए ता पनि विगत केहि वर्ष यता देखि यस व्याबसायमा महिलाहरुको सहभागिता पनि हुन थालेको छ । यस व्याबसायमा महिलाहरुको प्रदेशलाई विगतका अस्वाभाविक र असहज मानिन्थ्यो । तर यस व्याबसायमा महिलाको रुचि, अतिथि सत्कारमा महिलाको स्थान, पर्यटन व्यावसाय प्रवद्धनमा महिलाहरुले खेल्न खोज्ने भुमिकाले गर्दा

महिलाको आकर्षण बढ्दै गइरहेको र महिला सहभागितालाई अनिवार्य जस्तै मान्न लागिएको छ । समाजमा रहेका सामाजिक मान्यता र व्याबहारले महिलाहरु पुरुष सरह स्वतन्त्र हुन थालेका छैनन् । यसले गर्दा सम्पति माथि तथा निर्णय प्रक्रियामा उनिहरुको कम पहुँच रहन गएको छ । पर्यटन व्याबसायमा महिलाको सहभागिता दर न्युन भएता पनि वृद्धि उन्मुख रहेको छ ।

वर्तमान सम्म पनि धेरै महिलाहरु परम्परागत कृषि एवं घरेलु कार्यमा सिमित छन् भने नगण्य महिलाहरु मात्र घर बाहिरका काममा सक्रिय हुन सकेका छन् । तर बदलिदो परिवेशमा पर्यटनमा महिलाको क्षमता र प्रभावकारीतालाई सदुपयोग गर्न सक्ने हो भने महिला सहभागिताले धेरै राम्रो प्रभाव पार्न सक्छ । अहिले पर्यटन व्याबसायमा महिला र पुरुष दुबैको सहभागिता र सहयात्रा क्रमश : बृद्धि हुन गइरहेको छ । यस व्याबसायमा सहभागि भएपछि महिलाहरुले धेरै असरहरुका अलावा पर्यटकहरुका बारेमा महत्वपूर्ण सूचना र अनुभवहरु प्राप्त गर्न सक्षम हुदै गइरहेको छन् । पर्यटन व्याबसायमा महिलाको सक्रिय सहभागिताले महिला सशक्तिकरण त गर्छ नै साथै पर्यटन व्यवसायको प्रवद्धनमा महत्वपूर्ण भुमिका खेल्न सक्छ । विश्वमा हुँदै गइरहेको पर्यटनको विकाससँगै यस व्यवसायलाई धेरे मानिसहरुले आफ्नो रोजगारी तथा आय आर्जनको स्रोतको रुपमा अपनाउदै आएका छन् । रोजगारीको पहुँच देखि टाढा रहेका महिलाहरुले पनि यस व्यवसायमा सक्रिय सहभागिता अपनाउदै आएको पाईन्छ । पर्यटन संसारको सबैभन्दा द्रुत गतिमा अगाडि बढिरहेको आर्थिक क्रियाकलाप भइकोले पनि क्रियाकलापमा पर्यटनमा महिलाको सहभागितालाइ ध्यान दिईनु आवश्यक छ । यहि व्यवसायमा लागेर कति महिलाहरुले आफ्नो जिविका चलायन सक्षम भइको देखिन्छ भने उनिहरु आफ्नो कामप्रति सन्तुष्ट भएको पनि पाईन्छ । यहि व्यावसाय मार्फत तुलनात्मक रुपमा धेरै महिलाहरुको सामाजीक, आर्थिक, राजनैतिक, शैक्षिक अवस्थामा सुधार हुन पुगेको छ । यस व्यवसायबाट महिला आत्मनिर्भर भएपछि स्वत : उनिहरुको जिवन यापनमा थुप्रै परिवर्तन आएका छन् । त्यसकारण पर्यटनले महिलाहरुको सामाजिक-आर्थिक सशक्तिकरणमा महत्वपूर्ण प्रभाव पार्न सकेको पाइन्छ ।

पर्यटन व्यवसायका लागि नेपाल उर्वर मानिन्छ । नेपालका काठमाडौं, पोखरा, सौराहा, सगरमाथा क्षेत्र, मुक्तिनाथ क्षेत्र दामन आदि जस्ता प्रमुख पर्यटकिय गन्तव्य पछि उदयिमान गन्तव्यको रुपमा प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५ अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्र राष्ट्रिय अन्तराष्ट्रिय

क्षेत्रमा पर्यटन व्यवसायको केन्द्रको रुपमा परिचित हुनलागेको छ ।  खासगरि यो क्षेत्र लमजुङको घलेगाँउ, स्याङजाको सिरुवारी जस्तै गृहवासका कारण प्रख्यात हुदै आएको छ । नेपालमा स्थापित गृहवासहरु मध्य यस क्षेत्रमा स्थापित गृहवास सर्वोतम भएको पुष्टि भईसकेको छ ( कान्तिपुर दैनिक, २०७३, मंसिर २२ ) । यस क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत आफ्नो सेवाका कारण परिचित टाईगर क्याम्प, वर्ड कलिङ, मचान, टेम्पल टाईगर, मचान कन्ट्रि भिल्ला, टाईगर टप थारु लज, थारु हेरिटेज, नारायणि हाइट जस्ता राम्रो स्तरिय सेवा दिने विदेशी पाहुनालाई लच्छित गरि खोलियका होटेलहरु हुन भने थारु फुड हाउस, वरौली, अमलटारी, अमलटारी मध्यवर्ती, वोटे गाँउ रिसोट, दिदिवहिनी जस्ता गृहवासहरु, भिजन, श्रेष्ठ, ग्रीन, टाइनी, वोटे, एकान्त हरियाली कटेज जस्ता कटेजहरुका साथै विभिन्न किसिमका तीन दर्जन भन्दा वढि पर्यटकलाई सेवा दिने खालका लज, होटल, रेष्टुरेन्टहरु समेत खोलि सेवा दिदै आएको यो क्षेत्र पर्यटन व्यवसायको उर्वर क्षेत्रको रुपमा परिचित हुदै आएको छ ।

## १.२ समस्याको कथन

नेपाल प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण भएकै कारणले प्रकृति तथा संकृतिको अध्ययन गर्न, मनोरञ्जन गर्न, पदयात्रा गर्न, जलयात्रा गर्न, हिमाल आरोहण गर्न, हिमश्रृङखलाको दृष्यावलोकन गर्न, वन्जिजम्प गर्न, प्यारागलाइडिङ गर्न तथा प्राकृतिक सुन्दरतालाई दृष्यअवलोकन गर्नको लागि पर्यटकहरु यहाँ यात्रा गर्ने गर्दछन् (तामाङ, २०१७) ।  त्यसैले पर्यटन व्यवसायलाई नेपाली अर्थतन्त्रको बलियो आधार मानिएको छ । यस व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महिलाहरुको पनि सहभागिता रहदै आएको छ । नेपालको पर्यटन व्यवसाय अर्न्तगत अधिकांश महिलाहरु हिमाली पर्यटनमा सहाभागि भएको पाईन्छ  ।

नेपाली समाज हिन्दु धर्ममा आधारीत पितृसत्तामक समाज हो । जहाँ महिलाहरु दमन, शोषण र भेदभावको सिकार बन्न पुगेका छन् । नेपाली महिलाहरु शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा पछाडि परेका छन् । महिलाहरु क्षमताको विकास नहुने कार्य, अनुत्पादक कार्य तथा बालबच्चाको पालन पोषणमै सिमित छन् । नेपाली महिलाहरु घर बाहिरका कामकाजमा सक्रिय हुने वातावरण अझैसम्म पनि तयार हुन सकेको छैन् । यस्तो अवस्थामा पर्यटन व्यवसायमा सहभागि महिलालाई समाजले अनेक टिकाटिप्पणी गर्ने गरेका पाईन्छ । पर्यटन व्यवसाय पनि महिलाले समाजमा जस्तै लैङ्गिक भुमिका निर्वाह

गर्नुपर्ने हुन्छ । नेपालको पर्यटन व्यवसायको माथिल्लो तहमा पुरुषको बाहुल्यता रहेको छ । यस व्यवसायमा अझसम्म दक्ष महिला जनशक्तिको कमि रहेको छ । केही महिलाले तल्लो स्तरका काम जस्तै : मसाज सेन्टर, डान्स बार, क्यान्टिन रेष्टुरेण्टमा काम गरेको विषयलाई लिएर समग्र पर्यटन व्यवसायमा सहभागि महिलालाई समाजले नकारात्मक दृष्टिकोणले हेर्ने गरेको पाईन्छ । महिला प्रतिको समाजको यो दृष्टिकोणले गर्दा यस व्यवसायमा प्रवेश गर्न महिलाले अलि बढि सतर्कता अपनाउने हुदा यसमा महिलाको सहभागिता न्युन भएको पाइन्छ । तर पनि केहि महिलाहरु पर्यटन व्यवसायमा सहभागि भएर आफ्नो छुट्टै व्यक्तित्व र पहिचान बनाउन सफल भएका छन् । केही महिलाले यस व्यवसाय बाटनै जिविका निर्वाह गरेका छन्, आत्मनिर्भर बन्न सकेका छन् ।

नेपालका काठमाडौं, पोखरा, सौराहा, सगरमाथा क्षेत्र, मुक्तिनाथ क्षेत्र दामन आदि जस्ता प्रमुख पर्यटकिय गन्तव्य पछि उदयिमान गन्तव्यको रुपमा प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५ अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्रका होटल, लज, रेष्टुरेन्ट व्यवसायी, गृहवास संचालक तथा यस्ता क्षेत्रमा काम गर्ने पर्यटन व्यवसायमा सहभागि महिलाहरुको सामाजिक-आर्थिक अवस्थाको अध्ययन गर्न, उनिहरुका मुख्य समस्याहरु पत्ता लगाउन तथा उनिहरुको जिवन स्तरमा आएको परिवर्तनको अध्ययन गर्न अति आवश्यक महशुस गरिएको छ । यो अध्ययनले निम्न लिखित प्रश्नहरुलाई समेट्ने छ :

के यो व्यवसायले महिलाहरुलाई आत्मनिर्भर बनाउन सकेको छ ?

के यो व्यवसायले महिलाहरुको जिवनस्तरमा परिवर्तन ल्याएको छ ?

के यो व्यवसायले महिलाहरुले भोगिरहेको बेरोजगारी समसयालाई कम गर्न सकेको छ ?

के यो व्यवसायमा महिलाहरु सन्तुष्ट छन् ?

के यो व्यवसायले विश्वव्यापी रुपमा प्रभाव पारेको छ ?

के यो व्यवसायमा महिलाहरुले लैङ्गिक विभेदित समस्याहरु भोग्नु परेको छ ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको सामान्य उद्देश्य अर्न्तगत पर्यटन व्यवसायमा सहभागि महिलाको सामाजिक-आर्थिक अवस्था र यसले उनिहरुको जिवनस्तरमा आएको परिवर्तनका पक्षहरु पत्तालगाउने रहेको थियो भने विशिष्ट उद्देश्य यस प्रकार रहेका छन् :

क) पर्यटन व्यवसायमा सहभागी महिलाहरुको सामाजिक-आर्थिक अवस्थाको अध्ययन गर्ने ।

ख) पर्यटन व्यवसायमा सहभागि महिलाहरुको जिवन स्तरमा आएको परिवर्तनको लेखाजोखा गर्ने

ग) पर्यटन व्यवसायाम सहभागि महिलाहरुका समस्या पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

समाजमा पुरुषको तुलनामा महिलाहरुको अवस्था निकै दयनिय रहेको छ । समाजले महिला र पुरुषलाई भिन्ना भिन्नै भूमिका निर्वाह गर्ने बाध्य बनाएको छ । यस्ता लैङ्गिक असमानताका लक्षणहरु हाम्रो देशमा मात्र नभई विश्वमा प्राय : सबै देशहरुमा पाईन्छ । लैङ्गिक समानताको सवालले घर परिवारका साथसाथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा महत्व राख्दछ । त्यसैले लैङ्गिक समानताका लागि अध्ययन गर्नु अति आवश्यक छ । लैङ्गिक समानताको सबैभन्दा ठुलो महत्व समाजमा लैङ्गिक असमानताको खोजि गर्नु, पहिचान गर्नु, र त्यसको समाधान गर्नुमा रहेको छ ़। तर नेपालमा गरीएका लैङ्गिक अध्ययनहरु विविन्न सिमामा बाँधिएर गरीएका छन् । यसरी सतहमा गरीने अध्ययनले लैङ्गिक असमानतालाई उजागर गर्न कोशिस गरेता पनि त्यसको समाधानको वाटो पहिल्याउन कठिन हुन्छ । त्यस कारण लैङ्गिक दृष्टिकोणबाट लैङ्गिक सवालहरुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न सकिन्छ ।

पर्यटन व्यवसाय मार्फत महिलाहरुपनि आय आर्जनको क्रियाकलापमा सहभागिता जनाएका छन् भन्ने देखाउनुमा यो अध्ययन सार्थक हुने छ । त्यसै गरी पर्यटन व्यवसायबाट महिलाहरुको जिजनमा परिवर्तन आएको छ ? छैन ?, महिलाका लागि यस यस व्यवसायले कत्तिको उपलब्धीमूलक छ र यस व्यवसायमा महिलाहरुले कस्ता खालका समस्याहरु भोग्नु परेको छ भन्ने पत्ता लगाउनमा यो अध्ययन उपयोगी हुनेछ । साथै यस व्यवसाय सम्बन्धी अध्ययन अनुशन्धान गर्न चाहिने नीति निर्माता, सहकारी/गैरसरकारी संस्थालाई समेत यस प्रकारको अनुशन्धानले सहयोगी भुमीका खेल्न सक्नेछ ।

## १.५ अध्ययनको संगठन

यो शोधमुलक अध्ययनलाई ५ अध्यायमा विभक्त गरीएको छ । पहिलो अध्यायमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमी लगायत समस्याको कथन, अध्ययनको उद्येश्य, औचित्य र अध्ययन संगठनिक ढाँचा उल्लेख गरिएको छ । त्यसैगरि दोस्रो अध्यायमा पूर्व साहित्य समिक्षा अन्तरगत सैद्धान्तिक समिक्षा, अनुभविक समिक्षा, अवधारणगत ढाँचा उल्लेख गरिएको छ भने तेस्रो अध्याय अनुसन्धान विधि अन्तर्गत अध्ययन क्षेत्र, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, समग्रता र नमुना छनोट, तथ्याङ्क संकलनका विधि, तथ्याङ्कको विश्वसनियता र वैधता, क्रियात्मक परिभाषा, तथ्याङ्क प्रशोधन र विश्लेषण र अध्ययनको सिमा तय गरीएको छ ।  त्यसैगरी चौँथो अध्यायमा सामाजिक आर्थिक अवस्था संग संवन्धित विभिन्न आकडाहरुलाई विभिन्न तालिकामा राखेर विष्लेषण गरिएको छ भने पाँचौ अध्यायमा अध्ययन वाट प्राप्त तथ्यांकका आधारमा सारांश र निष्कर्षलाई समेट्ने प्रयास गरिएको छ ।

# अध्याय -दुई

# साहित्यिक पुनरावलोकन

## २.१ सैद्धान्तीक समिक्षा

झो अध्ययन लैङगिक दृष्टिकोण तथा परनिर्भर शैद्धान्तिक ढाँचाको प्रयोग गरि अगाडी वढाइएको छ । यस सर्न्दभमा लिङ्ग र सामाजिक लिङ्ग ( जेण्डर) को अवधारणा, नारी/महिलावादी अवधारणा, लैङ्गिक विकासका रणनीतिहरु, पर्यटनको समाजशास्त्र, सामाजिक लिङ्ग (जेण्डर) र पर्यटन, नेपाली महिलाहरुको स्थिति, रोजगारी, काममा लैङ्गिक भुमीका र विभेद, लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि अर्न्तराष्ट्रिय प्रयासहरु, नेपालमा पर्यटन विकासको ईतिहासको समिक्षा गरीएको छ ।

### २.१.१ लिङ्ग र सामाजिक लिङ्ग ( जेण्डर) को अवधारणा

जेण्डर महिला र पुरुषलाई दिएको सामाजीक परिभाषा हो । जेण्डरले महिला र पुरुषको बाहिरी रुप, ब्यहोरा, भुमीका, जिम्मेवारी, अधिकार स्रोत साधनमा पहुँच र नियन्त्रण आदि तय गर्दछ । अर्को शब्दमा जेण्डर एक सामाजिक संरचना हो र यसको सम्बन्ध तौरतरीका, मुल्य, मान्यता, रीतिरिवाज संग हुन्छ । प्राकृतिक लिङ्ग अथवा जैविक परिभाषा कहिले पनि परिवतर्नन हुदैन । जेण्डर सांस्कृतिक र समयको साथ परिवर्तन हुनसक्छ । प्राकृतिक लिङ्ग सम्बन्ध र जेण्डरको सम्बन्ध समज र सामाजिकिकरणसँग हुन्छ ( भासिन, २०६१ :८ )।

लैङ्गिक भूमिकाहरु समाजमा सिकिएका व्यवहार हुन् । जसले ति क्रियाकलाप, काम, र जिम्मेवारीलाई सहि अवस्थामा ल्याउछ । यसलाई ने नारीत्व र पुरुषत्व भनिन्छ । लैङ्गिक भूमिकाहरु पुरुष र महिला बिचको सामाजिक र साँस्कृतिक भिन्नताबाट सुरु हुन्छ । यो वर्ग, भूमिका, जातियता, धर्म, उमेर र समय अनुसार परिवर्तन हुन्छ । यसको श्रमको बिभाजनलाई प्रोत्साहित गर्छ जसले हालमा रहेको शक्ति सम्बन्धलाई अझ बलियो बनाउँछ ( थपलिया, २००१ : १५-१८ ) ।

लिङ्ग एक जैविकिय पारिभाषीक शब्द हो भने जेण्डर सामाजिक र साँस्कृतीक हो । सामान्य ज्ञानबाट हेर्दा यि दुबै एकै विभाजन देख्ने केवल दुई अलग तरीका हुन् । कुनै पनि व्यक्ति वा खास लिङ्गको हुन्छ

। एक पुरुष वा महिला , एक केटि वा केटा हुनमा लुगा, हाउभाउ, पेशा र व्यक्तिको पनि उक्तिकै हात हुन्छ जति एक खास किसिमको नारीत्व हुन्छ ( ओकली, २००५ : १५८) ।

प्राकृतिक लिङ्गले पुरुष र महिलाका शारीरिक भिन्नताहरलाई जनाउन भने सामाजिक लिङ्ग( जेण्डर) ले उक्त शारीरिक भिन्नताहरुलाई समाजले लगाएको अर्थ र बुझाईलाई जनाउँछ । जस्तो कि महिलाहरुले बच्चा जन्माउँछन् भन्ने कुरा सिधै उनिहरुको प्राकृतिक लिङ्गसँग गाँसिएको कुरा हो । तर बच्चा जन्माउने कारणले घरमै बसेर बच्चाहरुको हेरचार गनु नारी जातीको एक मात्र जिम्मा र भाग्य हो भन्ने कुरा प्राकृतिक लिङ्गसँग गाँसिएको नभए समाजले सृजना गरेको सामाजिक लिङ्गको परिभाषा पर्दछ (तामाङ, २००४ : ५२३) ।

लिङ्ग शब्दले महिला र पुरुषको शरिरको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक ( जेण्डर) शब्दले मनोबैज्ञानिक, सामाजिक र साँस्कृति भिन्नतालाई बुझाउँछ (गिडेन्स, २००१ : १०७) ।
पर्यटन संसारकै सबैभन्दा ठुलो र छिटो फस्ट्याउने उद्योग हो । पर्यटनले संसारको ९.१ प्रतिशत कुल ग्राहस्थ उत्पादनमा योगदान छ । र ८.८ प्रतिशत मानिसहरुलाई विश्वभर अवसर, रोजगारी दिएको छ । पर्यटन क्षेत्रले विश्वको ४५ प्रतिशत निर्यात सेवामा लगानी गर्दछ । २ सय ५५ मिलियन जागीरेहरु पर्यटन व्यवसायमा छन् । नेपालमा आर्थिक वर्ष २०११/०१२ मा पर्यटन क्षेत्रको २ प्रतिशत कुल ग्राहस्थ उत्पादन अनुमान गरीएको थियो । त्यसैगरी १ सय ६० हजार मानिसहरुलाई रोजगारीका अवसरहरु दिलाृउनु लक्ष्य थियो ( पर्यटन मन्त्रालय २०१२, १३)

नेपाल पर्यटन वर्ष २०११ ले एक लाख अर्न्तराष्ट्रिय पर्यटकहरु भित्राउने लक्ष्य राखेको थियो । चालिस प्रतिशत भन्दा बढी पर्यटकहरुले केही नयाँ पर्यटकिय साइटहरु घुम्ने र पर्यटकहरुको भौतिक पूर्वाधारहरुमा थप आवश्यक लगानीको लागि प्रेरणा लिने उद्देश्य राखको थियो । पर्यटन क्षेत्रमा महिलाको सहभागिता अनुपात ४५ प्रतिशत अमेरीकामा छन् भने साउदी अरेवियामा २ प्रतिशत महिला सहभागिता पाईन्छन् भने थाइलैण्डमा ६५ प्रतिशत महिलाहरु पर्यटन क्षेत्रबाट आर्थिक आयआर्जन गरी रहेका छन् । समग्रमा पर्यटन उद्योग मा ८० प्रतिशत पुरुषहरुको सहभागीता भएको देखिन्छ भने २० प्रतिशत महिलाहरु यस क्षेत्रमा संलग्न छन् । र लगभग १.२ मिलियन मानिसहरु अप्रत्यक्ष संलग्न्न छन् ( विश्व पर्यटन वर्ष २०१२ ) ।

केही समयदेखी सामाजिक बैज्ञानीकहरुका लागि क्रमश : लिङ्ग र जेण्डर छुट्याउन सामान्य भएको छ । लिङ्गलाई पुरुष र महिला बिचको जैविक भिन्नताको रुपमा परिभाषीत गरीन्छ भने

जेण्डरलाई महिला र पुरुष विचको  फरक ब्यहोराको रुपमा परिभाषित गरीन्छ , जहाँ संस्कारले प्रभाव पारेको हुन्छ । तर यो महिलाका व्यहोराको मात्र भिन्नता देखिन्छ  ( सियन, २००१) ।

### २.१.२ नारी/महिलावादी अवधारणा

नारीवादलाई दुई प्रमुख मार्गमा परिभाषित गर्न सकिन्छ । यसको साँघुरो अर्थ महिलाहरुको लैङ्गिक विभेखदकारी सिद्धान्त, सामाजिक उत्पीडनको अन्त्यको अभ्यास हो । फराकीलो गहीरो अर्थमा नारीवाद भनेको सचेत लिङ्ग र लैङ्गिक असमानताको सामाजिक यथार्थका जटिल मार्गको खोजी, विश्लेषण र व्याख्यामा सम्बन्धीत आधारभुत प्रणालीको एउटा प्रकार हो ( जोन्सन, १९७५) ।
नारीवादले समाजको आधुनिकवादको विश्लेषण गर्छ । संसारका विभिन्न भागमा उठेका महिलासँग सम्बन्धीत आन्दोलनहरुका बारेमा वैचारीक, दार्शनिक रुपमा नारीवाद स्थापित भएको छ । महिला र पुरुष अधिनताको चुनौती दिदै सैद्धान्तीक बिचारको उत्पती १९६८ मा भएको  थियो । महिलावाद भन्ने अवधारणाको सुरुवात अठारौ सताब्दी देखी नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढेको पाईन्छ भने १९८० देखि नारीवादलाई आधुनिक अवधारणाको रुपमा हेरीएको पाईन्छ । यस अवधारणाले दक्षिण एसीयाली महिलाहरुले महिलाहरुको शोषण र पीडा बारे समाजमा, घरमा र कार्यक्षेत्रमा सचेत भइ परिवर्तनका लागि कार्यरत हुनु नै नारीवाद हो भनि परिभाषित गरेका पाईन्छ । अर्को शब्दमा नारीवाद भन्नाले महिलाहरुको पुरुष समान नै अवसर, अधिकारर  शक्तिको चाहाना हो ( चौलागाँई, पोखेल र सापकोटा २०६९: १५) ।

वर्तमान विश्वमा नारीवाद आकर्षक हुनको साथै यसको योजनाविद्, राजनैतिज्ञ एवं विकासविदहरुलाई विभिन्न तरीकाले ध्यानाकर्षण गर्‍यो, जसले गर्दा नारीवादलाई महिलाहरुको अधिनतामा प्रश्नहरु र चुनौतिहरु खडा गर्ने दृष्ट्रिकोणको रुपमा लिईन्छ । सामान्य कुरा गर्दा ‘नारीवाद’ ले दुईटा कुरा समेटेको हुन्छ ।  एक, महिलाहरु माथि हुने उत्पीडन तथा शोषण सम्बन्धी चेतना र दूई, त्यस अवस्थालाई फेर्नका लागि गरिएका सचेत क्रियाकलापहरु -तामाङ्ग, २००४ : ५२३) ।

### २.१.३ नेपाली महीलाको स्थिति

नेपाली समाजमा लैङ्गिक असमानता र भेदभाव वर्तमानसम्म पनि कम हुन सकेको छैन । पालनपोषण, शिक्षा, स्वास्थ्य सुविधाका अवसरमा परिवार भित्र छोरा र छोरी, पुरुष र स्त्री बिच लैङ्गिग भेदभाव स्पष्ट देखिन्छ । नेपालमा महिलाहरु पुरुषको तुलनामा बढी मरिहेका छन् जुन संसारको अन्य

मुलुकको दाजोमा ठिक उल्टो छ । परिवारमा महिलाहरुको निम्न अवस्था र लैङ्गिक भेदभावका कारणले नेपाली महिलाको स्वास्थ्य सधै नाजुक अवस्थामा छ । रक्त अल्पता, बाँझोपन, आङ खस्ने, महिनावारीमा गडवडि, असुरक्षित गर्भपतन, प्रस्तुति समस्या, स्तन र पाठेघरको क्यान्सर जस्ता स्त्री सम्बन्धी स्वास्थ्य समस्याहरु प्रचुर मात्रामा हुनुको मुख्य कारण स्त्रीलाई सन्तान उत्पादन गर्ने साधन ठान्ने, स्त्री रोग एवं समस्या प्रति परिवारजनको उदासिनता र औषधी उपचार लगायत उचित पोषण प्रतिको उपेक्षा हो । तर महिलाको स्वास्थ्यको नाममा बढी प्रजनन् र परिवार नियोजन तर्फवाट ध्यान केन्द्रित गरिएको छ । राज्यले महिलाको प्रजनन् अधिकार संरक्षण गर्न कुनै कानुन एवं नीति बनाएको छन् (इन्सेक, १९९६ :१९९) ।

परिवारमा छोराको महत्व श्रेष्ठ हुने र पुरुषको प्रभुत्वले गर्दा प्राकृतिक रुपमा लिङ्ग बिभाजन समान र बराबरी आवश्यकतालाई बिर्सदै सामाजिक रुपमा उत्पन्न गरिएको लैङ्गिक असमानतालाई अझ व्यापक बनाउँदै लगेको देखिन्छ । यस्तो पितृसत्तात्मक मूल्य, मान्यता र संरचनामा महिलाका सम्पुर्ण सामाजीक अधिकारहरु कुण्ठित अवस्थामै छन् । महिलाको सामाजिक स्थितिलाई उच्च पार्न र गतिशिल तुल्याउन अझैसम्म कुनै सामाजिक एवं सांकृतिक आन्दोलनहरु थालिएको छैन ।

महिलाको आर्थिक स्थिति उनिहरुको आर्थिक सक्रियता, रोजगारीको अवसर, सम्पति माथिको स्वामित्व र आर्थिक सवालमा निर्णय लिने भूमिका आदिमा भर पर्दछ । औषत नेपाली महिलाको पुरुषको तुलनामा तीन-चार घण्टा बढी काम गर्ने भए पनि महिलाको कामलाई आर्थिक सक्रिताको रुपमा लिएको छन् । २०४८ सालको जनगणनाले आर्थिक रुपले सक्रिले भनेर ४५ प्रतिशत महिलाहरुलाई मात्र मानीएको छ । महिलाहरुले घरायसी कामका नीम्ति खर्चने श्रमलाई अनुत्पादन रुपमा नलीई ती कामलाई पनि आर्थिक कार्यको रुपमा मान्यता दिईनु पर्ने सुझावलाई बहुदलिय व्यवस्था पछि पनि अपनाउन सकिएको छैन । बहुदलिय व्यवस्थाका पछिल्ला वर्षहरुमा नेपाली महिलाहरुले समान अधिकारलाई जोडदार रुपमा उठाएका छन् । आर्थिक सरकारको प्रत्याभूति हुन सकेको खण्डमा नेपाली महिलाहरुको आर्थिक अवस्था लगायत अन्य धेरै पक्षमा परिवर्तन आउने देखिन्छ ।

कुँवर (२०७३) ले कान्तिपुर राष्ट्रिय दैनिकमा “दुःख साट्दै महिलाहरु” शिर्षकमा महिलाको सामाजिक, आर्थिक, स्वास्थ्य, रोजगारी लगायतका विषयमा चर्चा गरेकी छन् । उनका अनुसार महिलाहरु आर्थिक क्रियाकलापका संवाहक हुन् भन्ने कुरा नीति निर्मातालाई बुझनुपर्दछ । राज्यले रोजगारी सिर्जना लगायतका कुनै पनि कार्य गर्दा महिलाको न्यायोचित संलग्नताको सुनिश्चित गर्नुपर्छ ।

महिलाले स्वतन्त्र रुपमा काम गर्न र आफ्नो कमाइमा स्वनीयन्त्रण राख्न पाए भने सन्तानको स्वास्थ्य सुधार गर्न र राम्रो शिक्षा दिक्षामा खर्च गर्छन् । राज्यले महिलाको लागि लगानी गर्नसके सम्भावित मानवीय विकासमा खासगरी प्रजनन् स्वास्थ्यको गिर्दो अवस्थालाई न्यून गर्न सहयोग पुग्न सक्छ ।
भण्डारी ( २०७१), ले पोखरामा प्रकाशित हुने समाधान राष्ट्रिय दैनिकमा "महिला र मौलिक हक" शिर्षकमा शिक्षामा कमजोर पहुँच भएको कारण महिलाहरु अवसरबाट वश्चित हुनुपरेको कुरा प्रष्ट पारेका छन् । उनले जागिरे महिलाले आफ्नो जागिरका साथै घरेलु कामकाज पनि गर्नुपर्ने, महिलाले कति बच्चा जन्माउने वा नजन्माउने लगायतका कुरामा पनि पुरुषको नै नियन्त्रण हुने जस्ता तितो यर्थाथलाई उजागर गरेका छन् ।

बेनेट (१९८३), ले ब्राम्ह्ण क्षेत्री परिवारका महिलाको सामाजिक, सांस्कृतिक पक्षमा आधारीत भई अध्ययन गरेकी छन् । जहाँ हिन्दु धर्मको प्रभाव परेको पितृसत्तात्मक परिवारको आर्थिक,सामाजिक,सांस्कृतिक, धार्मिक पक्षमा महिलाको हैसियतलाई विश्लेषण गरिएको छ ।
भासिन (१९९३) ले पितृसत्ताको बारेमा विष्लेषण गरेकी छन् । उनका अनुसार समाजमा पितृसत्ताको विकाससंगै धर्म संस्कृतिका नाममा महिला र पुरुषको भुमीकाध निर्धारण गरियो । जसले गर्दा आजसम्म पनि महिला र पुरुषविच भेदभाव देखिन्छ । महिलाहरु पितृसत्ताका कारण हरेक क्षेत्रमा शक्तिविहिन हुन्छन् । पुरुषको हातमा सामाजिक,आर्थिक,धार्मिक,सांस्कृतिक शक्ति हुन्छन् तर महिलाहरु शक्ति र अधिकारबाट वश्चित छन् । त्यस कारण महिलाहरु पुरुषको चाहना अनुसार शोषित, पिडित र दविएका छन् ।

समाजका हरेक क्रियाकलापमा महिला र पुरुषका बिचमा विभेद देखिन्छ । समाजको आर्थिक,राजनैतीक लगायत शैक्षिक अवस्था पुरुषको तुलनामा महिलाको धेरै नै कमजोर रहेको छ । भारतिय र नेपाली महिलाहरु विगतका राजनैतिक अधिकारबाट मात्र वञ्चित नभई सामाजिक समस्याबाट समेत पिडित थिए । - थापा, ( १९८५ : ८) ।

सन् १९९० मा नेपालमा भएको प्रजातन्त्रको पुनर्वाहाली पछि महिला आन्दोलन तथा महिलाद्धारा महिलाको विषयमा महिलाहरुको परिचालन गर्ने प्रवृति बढ्दै गएको छ । त्यस्तै केही विषय महिला समस्याहरु राष्ट्रिय समस्याका रुपमा स्थापित भएका छन् । महिलासंग सम्बन्धीत नागरिक संगठनहरुले समाजका महिला वर्गको शक्ति परिचालन गर्ने प्रयास गर्दछन् ( श्रेष्ठ र हाछेथु, २०५९ : ४४) ।

पर्यटन उद्योगले रोजगारीका अवसरहरुको सृजना गरेर देशको आर्थिक क्षेत्रको महत्वपुर्ण प्रभाव पारेको छ । ब्रिटेन जस्तो देशले समेत पर्यटन उद्योगलाई रोजगारीको अवसर प्रदान गर्ने उद्योगको रुपमा सरकारी तबरवाट नै स्वीकार गरेर बेरोजगारी बढी भएको क्षेत्रमा पर्यटनको बिकास गर्ने निर्णय लिएको देखिन्छ ( कुँवर, १९९७ : २१) ।

पर्यटन व्यवसायबाट महिलाहरुले पनि बेरोजगारका अवसहरु प्राप्त गरेका हुन्छन् । स्थानीय स्तरका हस्तकला सामग्रीको उत्पादन गर्ने महिलाले ति सामग्री मार्फत पर्यटहरुकलाई आकर्षक गरेको पाईन्छ । उदारणको लागि ग्वाटेमालामा पर्यटकले मन पराउने माया जातीको कपडा बुन्ने महिलाहरुले त्यस्तो कला र रंगहरु प्रयोग गर्न लागे जसले पर्यटकहरुलाई बढी आर्षित गर्थे (कुँवर, २००६ : ४२) । बितेका केही दशकमा महिलाको रोजगारी संख्या, उनिहरुको औसत साप्ताहिक पारिश्रमिक गति र कामको समयको आधारमा पर्यटनमा महिलाको सहभागितालाई अध्ययन गरिएको छ । विभिन्नन देशहरुको बिचमा महिलाको संख्या र उनिहरुको पर्यटनमा कार्यक्षमताको प्रतिशतको ठुलो अन्तर रहेको छ । विश्वमा पर्यटन उद्योगमा सहभागि महिलाको १९८८-१९९७ मा उपलब्त्र तथ्याङ्कमा एउटा फराकिलो बृद्धि देखिएको छ । औद्योगिक रुपमा बिकसित देशहरुमा पर्यटन उद्योगमा महिलाको वास्तविक सहभागितामा केहि परिवर्तन आएको छ । घण्टाको आधारमा महिला र पुरुषको कामलाई तुलना गर्दा महिलाहरु आंशिक कार्य अथवा अस्थायि रोजगारीका लागेका हुन्छन् । महिला र पुरुषको काम गर्ने घण्टा र उनिहरुको भिन्न पारिश्रमीकको सन्दर्भका विकसित विश्वको बिचमा एउटा अन्तर हुन्छ, जसले महिलाको औषत साप्ताहिक पारिश्रमीक एउटा पुरुषको पारिश्रमिकको ८०% प्रतिशत बरावर गराउँछ र कम बिकशित देशमा महिलाको औसत पारिश्रमिक पुरुषको भन्दा अर्को १०% देखि ७०% ले घट्छ ( हेम्मति, २०००:१७-२०) ।

## २.२ पूर्व अध्ययनको समिक्षा

यो अध्यायमा पर्यटन व्यवसायमा सहभागी महिलासँग सम्बन्धीत पूर्व साहित्इक समिक्षा गरिएको छ । यस सन्दर्भमा विभिन्न व्यक्तिहरुका विचार, अध्ययन, अनुन्धान, लेखहरुलाई प्रस्तुत गरिउको छ । पर्यटन प्रत्यक्ष वा अपत्यक्ष रोजगारीको सृजना गरेर कुने पनि देशमा आर्थिक लाभ प्रदान गरेका हुन्छ । पर्यटनबाट प्राप्त हुने रोजगारीमा पनि लैङ्गिक विभेद रहेको पाईन्छ । सिन्क्लेयर ( १९९७) ले पर्यटन क्षेत्रको माथिल्लो तहका रोजगारीमा पुरुषको बाहुल्यता बढी रहेको र महिलाहरु निम्न हैसियत र आंशिक कार्यमा बढी सक्रिय रहेको पत्ता लगाए ( वाट, २००२) ।

महिलाहरु ठुलो संख्यामा होटल, वायु सेवन, रेष्टुरेण्ट, ट्राभल/ट्रेकिङ्ग एनेन्सीहरु र पर्यटनसँग सम्बन्धित अन्य सेवाहरुमा संलग्न भएको सूचना ज्यादै पाईन्छ । नेपाल राष्ट्र बैंकको एक अध्ययन - जनवरी देखी मे १९८८ मा सम्पन्न भएको र १९८९ मा प्रकाशित) अनुसार पर्यटन र यस सम्बद्ध उद्योगमा २०.६ प्रतिशत महिला रहेका छन् । गलैंचा उद्योगमा ६६.४४ प्रतिशत महिला रोजगार छन् । महिला रोजगारको वितरण कामको तह अनुसार तल्लो तहमा उनीहरुको एकत्रित हुँदा पनि धेरै कम देखिन्टछ । महिला रोजगारको ठुलो हिस्सा गलैंचा उद्योग तथा हस्तकला निर्माणमा संलग्न रहेको पाईन्छ । तर यिनीहरु गैर आवासिय कामदारहरुमा हेपिएका छन् । ( विद्या, २००८ : १५१) ।

नेपालमा पर्वतीय पर्यटनमा महिलाहरुको सहभागीताको सुरुवात सन् १९२० देखि १९३० को दशकमा भरियाबाट सुरु भएर पदयात्रा नेता हुँदै समूह नेता एवं होटल, लज, रेष्टरेण्ट, ट्रेकिङ्ग, तथा ट्राभल एजेन्सीको उच्च व्यवस्थापनसम महिला पुगेका छन् । यति हुँदा हुँदै पनि यो क्षेत्रमा संलग्न अधिकांश महिला तल्लो स्तरको काम वा पर्यटनसँग आश्रीत अन्य क्षेत्रमा क्रियाशिल छन् । यहाँ महिलामुखी पर्यटन नीति, कार्ययोजना र कार्यक्रमहरु मार्फत पर्वतिय महिलाहरुको निम्न हैसियत पुरुष समकक्षी सरह उत्थान गर्न, रोजगारी व्यवसाय, पर्वतीय पर्यटनको लाभमा समान हक स्थापीत गर्न र सामाजिक रुपमा सवल तुल्याउनुका साथै पर्वतीय समाजमा संरचनागत रुपान्त्ररण गर्न जरुरी छ ।

पर्यटन उद्योगमा महिला सहभागितासँग सम्बद्ध लैङ्गिक समानता ल्याउन र कार्यान्वयन गर्न तथा लाभको सदुपयोगको सन्दर्भमा ५० प्रतिशत भन्दा बढी महलि जनसंख्या भएको नेपाल ठुलो सरोकारको विषय रहेको छ । नेपालको आर्थिक बिकास जल, पर्यटन, गैह्रकाष्ठ वन, थोरै जमिनवाट धेरै मूल्य प्राप्त हुने कृषि उत्पादन तथा मानव श्रोतको उच्चतम बिकास र प्रयोगवाट सम्भव छ र महिलाहरु यि क्षेत्रसँग नितान्त अभिन्न छन् । नेपाली जनताको लामो समय देखीको नयाँ नेपालको रुपमा राष्ट्र निर्माण गर्ने चाहाना सुदृढ पार्न र सामाजिक, आर्थिक रुपमान्त्रण गर्न ठुलो हिस्सा भएको महिला सहभागिता विना कठिन छ । पर्यटन क्षेत्र त्यो पनि पर्वतीय पर्यटनमा आश्रीत पर्यटन नै नेपालको प्रमुख आर्थिक लाभको क्षेत्र हो । पर्वतीय पर्यटनमा रहेको खाडल पुर्न पनि परिमाणात्मक तथा गुणात्मक दुबै तिर अनिवार्य रुपमा विचार गर्न पर्छ ( उपाध्यय र उप्रेती, २००८) ।

कल्पना घिमिरे (२०६५), ले कान्तिपुर राष्ट्रिय दैनीकमा आफ्नो आलेख 'पर्यटन व्यवसायमा महिलाको आकर्षण' मार्फत वर्तमान समयमा पर्यटन व्यवसायमा महिलाको आकर्षण बढन थालेको कुरा व्यक्त गरेकी छन् । उनको अनुसार पर्यटन व्यवसायमा महिलाको आकर्षण बढन थालेको छ ।

अहिले पर्यटन व्यवसायमा महिला र पुरुष दुबै उत्तिकै सक्रिय छन् । प्रमुख पर्यटकीय स्थल पोखरा र काठमाडौंमा महिलाले यस व्यवसाय चलाउन थालेका हुन् । थ्रि सिड्भेञ्चर प्रा.लि. ले गरेको  सर्बेक्षणले गत वर्षको तुलनामा महिला व्यवसायको संख्या ४० पंतिशतले वृद्धि भएको देखिएको छ । ठुला होटल, क्यासिनो, ट्राभल एजेन्सीहरु र ट्रेकिङमा महिलाको सक्रिय सहभागिता देखिन थालेको छ ।


निरौला (२००२) ले उनको लेख "पर्यटनबाट महिला सशक्तिकरण" मा महिलाको सशक्तिकरणमा पर्यटनको महत्व बारेमा उल्लेख गरेकी छन् । नेपालमा महिलाको सामाजिक-आर्थिक सशक्तिकरणको सफलता र दिगोपनको लागि एउटा साँचो हुन सक्छ । उनका अनुसार यहाँ महिला प्रगति र सशक्तिकरणका अवसरहरु प्रदान गर्ने, महिलाको बाधा अड्चनाहरु पहिचान गर्ने एउटा कार्य योजनाको अति खाँचो छ ।

एसियाली विकास बैंकले "नेपालमा महिला, देशको लैङ्गिक आँकलन" भन्ने पुस्तक १९९९ मा प्रकाशित गरेको थियो । यस पुस्तकको अध्याय तीनको महिलाको आर्थिक सहभागिता अर्न्तगत पर्यटन र सम्बन्धित क्षेत्रमा महिला उपशिर्षकमा महिलाहरु पर्यटन (जस्तै :होटल, एयरलायन्स्, रेष्टुरेण्ट, ट्राभल ट्रेकिङ ऐजेन्सीहरु) र अन्य पर्यटनसँग सम्बन्धीत सेवाहरुमा ठुलो संख्यामा संलग्न भएको देखिन्छ । तर पनि उनिहरुको संलग्नता र पहुँचको बारेमा थोरैमात्र जानकारी प्राप्त भएको तथ्य उल्लेख गरिएको छ । खनाल (२००५), ले 'पर्यटन र रोजगारी' बारेमा अध्ययन गरेकी छन् । त्यो अध्ययनले कार्यालय काम बाहेक उनिहरुले सबै घरेलु कामहरु पनि गर्नुपर्थ्यो । अझैसम्म पनि घरेलु क्रियाकलापमा पुरुष समकक्षीले सहयोग गर्ने चलनको विकास भएको छैन ।

संयुक्त राष्ट्रसंघिय वाताबरण तथा विकास युके समितिले १९९९ मा 'जेण्डर र पर्यटन : पर्यटनमा महिलाको रोजगारी र सहभागित' शिर्षकमा एउटा प्रतिवेदन निकालेको थियो । यो प्रोजेक्टको मुख्य उद्देश्य भनेको पर्यटनमा लैङ्गिक पक्षको विश्लेषण गर्नु थियो । यस प्रोजक्टले पर्यटनमा महिलाको रोजगारी अवस्था, स्थानीय पर्यटन योजना र व्यवस्थापनमा महिलाको सहभागितालाई प्रमुख मुद्दा मानेको थियो । यस प्रोजेक्टले विश्वव्यापीरुपमा पर्यटन उद्योगमा महिला सदस्यको कार्यक्षमताको अवस्थालाई प्रस्तुत गरेको छ । यो प्रोजेक्टले पर्यटनमा महिलाको रोजगारी, पेशा, स्थान, पर्यटन योजना तथा व्यवस्थापनमा महिलाको सहभागिता, महिलाको अधिकार, लैङ्गिक विभेद लगायतका शिर्षकमा सूचना निकालेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

विश्वको एउटा ठुलो उद्योगको रुपमा पर्यटन दिनानुदिन विकसित भइरहेको छ । सामाजिक, आर्थिक पक्ष, परिवर्तनर समस्याहरुले समग्र पर्यटन व्यवसायलाई प्रभाव पार्ने गर्दछन् । यस व्यवसायमा सहभागी हुने महिलाहरुलाई त भ्रन विभिन्न पक्षहरु जस्तै : पेशागत स्थान, निर्णय प्रक्रियामा सहभागीता, परिवर्तन, लैङ्गिक विभेद आदिले प्रभाव पार्ने गर्दछ । यस्ता पक्षहरुलाई अध्ययनको अवधारणात्मक खाकाबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।




पर्यटन व्यवसायी महिलाहरुलाई उमेर, धर्म, जात/जातीयता, वैवाहिक स्थिति, शिक्षा, पारिवारिक संरचना, मासिक आम्दानी, आर्थिक स्वतन्त्रता जस्ता विशेषताहरुले संकेत गर्ने गर्दछन् ।

उदारणका लागि धेरै उमेरका महिलाले भन्दा कम उमेरका महिलाले उत्पादन क्षेत्रमा महत्वपूर्ण प्रभाव पार्न सक्छन् । विवाहित महिलाको तुलनामा अविवाहित महिलाले आफ्नो व्यवसायमा धेरै समय दिन सक्छन् । अन्य जातका महिलाको तुलनामा उच्च जातका महिला बढी शिक्षित हुन्छन् । साक्षर महिलाले भन्दा उच्च शिक्षित महिलाले आफ्नो व्यवसाय प्रवर्द्धनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । कम आम्दानी गर्ने महिलाको तुलनामा बढी आम्दानी गर्ने महिलाको सामाजिक, आर्थिक अवस्था राम्रो हुन्छ । व्यवसायी महिलाले आफ्नो व्यवसायको निर्णय गर्नको लागि शिक्षाले आधारभुत भूमिका निर्वाह गरेको पाइन्छ । आम्दानी, पारिवारिक सहयोग, तालिम, व्यवसायिक सन्तुष्टि, सिप र क्षमता भएको बृद्धि, दैनीक जिवनमा आएको परिवर्तन, व्यवसायमा समस्या, व्यवसाय प्रवेश गर्दाको अवस्थाका समस्या, भाषाको समस्या, लैङ्गिक विभेद पनि पर्यटन व्यवसायमा सहभागी महिलाहरुको सामाजि-आर्थिक अवस्था निर्धारृण गर्ने महत्वपूर्ण तत्वहरु हुन यिनिहरुले पर्यटनमा सहभागी महिलाहरुको समग्र अवस्थालाई इंगित गरेका हुन्छन् ।

# अध्ययन-तीन
# अनुसन्धान विधि

## ३.१ अनुशन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका प्रतिनिधिहरुको विस्तुत विवरण दिनको लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना आदिको सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने महिलाहरुले यस व्यवसायमा भोग्नु परेका समस्याहरु पत्ता लगाउन, यस व्यसाय प्रति महिलाहरुको धारण बुझ्न तथा उनिहरुको जिवनमा आएको परिवर्तनको अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य ( Site selection and its Rationale )

पर्यटन व्यवसायका लागि नेपाल उर्वर मानिन्छ । नेपालका काठमाडौं, पोखरा, सौराहा, सगरमाथा क्षेत्र, मुक्तिनाथ क्षेत्र आदि जस्ता प्रमुख पर्यटकिय गन्तव्य पछि उदयिमान गन्तव्यको रुपमा प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५ अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्र राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पर्यटन व्यवसायको केन्द्रको रुपमा परिचित हुनलागको छ ।  खासगरि यो क्षेत्र लमजुङको घलेगाँउ, स्याङजाको सिरुवारी जस्तै गृहवासका कारण प्रख्यात हुदै आएको छ । नेपालमा स्थापित गृहवासहरु मध्य यस क्षेत्रमा स्थापित गृहवास सर्वोतम भएको पुष्टि भईसकेको छ  । यस क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत आफ्नो सेवाका कारण परिचित टाईगर क्याम्प, वर्ड कलिङ, मचान, टेम्पल टाईगर, मचान, कन्ट्रि भिल्ला, टाईगर टप थारु लज, थारु हेरिटेज, नारायणि हाइट जस्ता राम्रो स्तरिय सेवा दिने विदेशी पाहुनालाई लच्छित गरि खोलिएका होटेलहरु भएकाले यो क्षेत्र छनौट गरिएको हो । खासगरि अनुसन्धान कर्ताले यो क्षेत्र र त्यसमा पनि महिलालाई नै छान्नुको कारण यस प्रकार रहेको छ ।

१) पुरानो सवै जातजातिको वसोवास रहेको पर्यटन व्यवसायका लागि विकसित वस्ती र अधिकांश यस क्षेत्रका बासिन्दाहरु पर्यटन व्यवसायसंग सम्बन्धित भएकोले ।

२) अनुशन्धान कर्ता यसै नगरपालिकामा जागिरे  भएकाले सुचना संकलन गर्न सजिलो हुने हुनाले ।

३) अध्ययन क्षेत्र विभिन्न जातजातीको साझा बसोबास स्थल भएकोले सवै जातिहरुको प्रतिनिधित्व हुने हुनाले ।

४)  पर्यटन व्यवसायले उक्त क्षेत्रका अधिकांश महिलाको जीवन स्तरमा सकारात्मक प्रभाव पारेकोले ।

### ३.३ अध्ययनको समग्रता र नमुना छनौट (Universe and Sampling)

प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५ अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्र राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पर्यटन व्यवसायको केन्द्रको रुपमा परिचित हुनलागेको छ ।  खासगरि यो क्षेत्र लमजुङको घलेगाँउ, स्याङजाको सिरुवारी जस्तै गृहवासका कारण प्रख्यात हुदै आएको छ । नेपालमा स्थापित गृहवासहरु मध्य यस क्षेत्रमा स्थापित गृहवास सर्वोतम भएको पुष्टि भईसकेको छ  । यस क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत आफ्नो सेवाका कारण परिचित टाईगर क्याम्प, वर्ड कलिङ, मचान, टेम्पल टाईगर, मचान कन्ट्रि भिल्ला, टाईगर टप थारु लज, थारु हेरिटेज, नारायणी हाइट जस्ता राम्रो स्तरिय सेवा दिने विदेशी पाहुनालाई लच्छित गरि खोलिएका होटेलहरु पनि भएकाले भने थारु फुड हाउस, वरौली, अमलटारी, अमलटारी मध्यवर्ती, वोटे गाँउ रिसोट, दिदिवहिनी जस्ता गृहवासहरु, भिजन, श्रेष्ठ, ग्रीन, टाइनी, वोटे, एकान्त हरियाली कटेज जस्ता कटेजहरुका साथै विभिन्न किसिमका तीन दर्जन भन्दा वढि पर्यटकलाई सेवा दिने खालका लज, होटल, रेष्टुरेन्टहरु समेत खोलि सेवा दिदै आएकोले यो क्षेत्र पर्यटन व्यवसायको उर्वर क्षेत्रको रुपमा परिचित हुदै आएको छ । यसरी उदयीमान पर्यटन हवको रुपमा स्थापित हुन गईरहेको यो क्षेत्र र सो क्षेत्रमा कामगर्ने सवै मानिसहरुलाई अनुसन्धानको दायरामा ल्याउदा राम्रो हुने हुदा हुदै पनि समय तथा आर्थिक अवस्थाले गर्दा सवैलाई समेट्न सकिदैन । तर्सथ यो अध्ययन यिनै गृहवास, होटल, लज तथा रेष्टुरेन्टहरु खोलेर आफ्नै व्यवसाय गरि वसेका स्वरोजगार तथा अरुकोमा मजदुरको रुपमा काम गर्ने महिलाको संख्या ३६ ( सरसफाई र सामान्य काम गर्ने महिलालाई समावेस गरिएको छैन ) रहेका छन् । यिनै ३६ जना महिलाहरुलाई संगणना विधिका माध्यम वाट नमुनाको रुपमा समावेश गरि अध्ययनलाई अगाडी वढाईएको छ ।

### ३.४ तथ्याङ्कको श्रोत र प्रकृति (Nature and Sources of data)

अनुसन्धान प्रकृतिको आधारमा प्राथामिक तथा द्धितिय स्रोतबाट तथ्याङ्कहरु संकलन गर्न सकिन्छ । प्रस्तुत अनुसन्धानमा विशेष गरी प्राथामीक र द्धितिय स्रोतबाट तथ्याङ्क र सूचनाहरु संकलन गरिएको छ। प्राथामिक सोतबाट तथ्याङ्क संकलन गर्दा गुणात्मक र संख्यात्मक दुबै किसिमका तथ्याङ्कहरु संकलन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विशेष प्राथामीकता दिईएको छ र आवश्यकता अनुसार संख्यात्म तथ्याङ्क पनि संकलन गरिएको छ । प्राथामिक तथ्याङ्क संकलन गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ताले प्रश्नावली अनुसूची, अवालोकन, मुख्य जानीफकार व्यक्ति संगको अन्तवार्ता, वैयक्तिक अध्ययन विधिहरु अपनाइएको छ । द्धितिय तथ्याङ्क र सूचनाहरु संकलन गर्न विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रीका, वेवसाइट प्रकाशित एंव अप्रकाशित स्रोतहरु तथा अन्य सम्बन्धीत सायित्यको सहयोग लिइएको छ ।

### ३.५ तथ्याङ्कसंकलन विधि (Data Collection Techniques)

विषयवस्तुको अध्ययनको क्रममा गुणत्मक तथा संख्यात्मक सूचना तथा जानकारी प्राप्त गर्नको लागी निम्न विधिहरु अवलम्वन गरिएको छ ।

#### ३.५.१ अन्तरवार्ता अनुसूची (Interview Schedule)

उत्तरदाताहरु समक्ष प्रत्यक्ष रुपमा विभिन्न सम्बन्धित विषयवस्तुहरुको बारेमा प्रश्न सोधेर शोधकर्ता स्वयम द्धारा प्रश्नपत्रमा लेखेर तथ्याङ्क संकलन गरिएको छ । अध्ययनको क्रममा तयार पारिएको उत्तरदाताको ब्याक्तिगत विवरण, आर्थिक स्थिति, पारिवारीक विवरण, वैदेशिक रोजगारी प्रतिको उनीहरुको झुकाव, स्वरोजगारी, रोजगारी, रोजगारीको प्रभाव, उनीहरुले भोगेका समस्याहरु आदी कुराहरु बुझ्ने प्रयास गरिएको छ । यसमा पर्यटन व्यवसायमा संलग्न भएका महिलाहरुलाई मात्र उत्तरदाताको रुपमा समावेश गरिएको छ ।

#### ३.५.३ अवलोकन (Observation)

अवलोकन सूचना संकलन गर्ने प्राथमिक स्रोत तथा विधिको रुपमा लिइएको छ । सोही अनुसार यस अध्ययनका सिलसिलामा उत्तरदाताको रुपमा संलग्न सम्पूर्ण महिलाहरुको वस्तुस्थिति,

उनीहरुको जीवनमा  पर्यटन व्यवसायले पारेको प्रभाव, उनीहरुको जीवन स्तरमा आएको परिर्वतन सम्बन्धि सूचनाहरु अवलोकनका आधारमा वझ्ने प्रयास गरिएको छ ।

### ३.६ तथ्याङ्क प्रस्तुति र विश्लेषण (Data processing and analyasis)

अध्ययन क्षेत्रबाट प्राप्त प्राथमिक तथ्याङ्कहरुलाई सरल र स्पष्ट रुपमा प्रस्तुत गर्नको लागी तथ्याङ्क तालिका, स्तम्भ चित्र, तथा वृतचित्रको प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सीमा (Limitation of the Study)

यो शोध गृहवास, होटल, लज, तथा रेष्टुरेन्टहरु, ट्राभल-टुर एन्ड ट्रेकिङ एजेन्सीमा संलग्न पर्यटन व्यवसायी महिलाहरुमा मात्र केन्द्रित गरिएको छ । यो व्यवसायमा महिला तथा पुरुष दुबैको संलग्नता रहेको भएपनि अनुसन्धान पर्यटन व्यवसायमा सहभागी महिलाहरुलाई मात्र समेटीएको छ । यो अध्ययन शैक्षिक उद्देश्य परिपूर्तिका लागि गरीएको अध्ययन हो । समग्र क्षेत्र र विषय वस्तुको अध्ययन गर्न सके उपयुक्त हुने हुदाहुदै पनि समय र साधन श्रोतको सिमितताको कारण पुरागर्न कठिन हुने गर्दछ । तर्सथ यो अध्ययन पनि केवल शैक्षिक उपाधि प्राप्तिको निमित्त, सिमित समय, सिमित साधन र श्रोतका कारण  प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती १५ अन्तरगत पर्ने पर्यटकलाई सेवादिने उद्देश्यले खोलेका  गृहवास, होटल, लज, तथा रेष्टुरेन्टहरुमा काम गर्ने  ३६ जना महिलाहरुलाई मात्र समेटिएको छ । तसर्थ यस अध्ययनले नेपालको अन्य विभिन्न भागका पर्यटन व्यवसायमा संलग्न भएका महिलाहरुलाई नसमेट्न सक्छ । अध्ययन सानो नमुनामा आधारीत रहि गरिएको हुँदा यसका निकर्षहरु राष्ट्रिय स्तरमा सामान्यिकरण नहुन पनि सक्दछन् । वुदागत रुपमा यसका समस्यालाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

१. शोधकर्तासँग भएको सिमीत साधन र श्रोतका आधारमा प्राप्त गरेको तथ्याङ्क सबै अध्ययन र अनुसन्धानको लागी उपयुक्त नहुन सक्दछ ।

२. समाजशाष्त्र विषयको स्नाकोत्तर तहको उपाधिको आंशिक आवस्यकता परिपुर्तीको लागी मात्र गरिएकोले यसले सवै पक्षलाई नसमेट्न सक्दछ ।

३. समय, साधन र श्रोतको अभावले पनि यस अध्ययनलाई प्रभाव पारेको छ

# अध्याय चार

## उत्तरदाता महिलाहरको सामाजिक तथा आर्थिक पृष्ठभूमी

४.१ पर्यटन व्यवसायी महिलाहरुलाई उमेर, धर्म, जात/जातीयता, वैवाहिक स्थिति, शिक्षा, पारिवारिक संरचना, मासिक आम्दानी, आर्थिक स्वतन्त्रता जस्ता विशेषताहरुका आधारमा व्याख्या गर्न सकिन्छ ।

### ४.१.१ उत्तरदाताहरुको परिवारको प्रकार

सामान्यतया नेपाली समाजमा एकात्मक परिवार, संयुक्त परिवार र वृहत परिवार गरी तीन प्रकारका परिवारहरु पाइन्छ । जसमध्ये आजकाल वृहत परिवार अध्ययन क्षेत्रमा देखिएन । यस क्षेत्रमा अध्ययन गरिएका ३६ घरधुरीमा एकात्मक र संयुक्त परिवार मात्र पाइयो । जस लाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**तालिका नं. १:**

**उत्तरदाताहरुको परिवारको प्रकार**

| क.स. | परिवारको प्रकार | परिवारको सख्या | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | एकात्मक | २६ | ७२.२२ | |
| २ | सयुक्त | १० | २७.७८ | |
| जम्मा | | ३६ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७४

पर्यटन व्यवसायमा आवद्ध महिलाहरु मध्ये ७२.२२ प्रतिशत महिला एकात्मक परिवारमा बसेको र २७.७८ प्रतिशत महिलाहरु संयुक्त परिवारमा रहेको पाइयो । वदलिदो युग सँगै पश्चिमी शैलीको प्रभाव पर्दै गयो तब मानिसहरु एकात्मक परिवारमा वस्न रुचाएका छन् । संयुक्त परिवारमा सबै मानिसको रुची र चाहना नमिल्ने हुनाले मानिस स्वतन्त्रताको लागि अलग वस्ने गरेको पाइयो । त्यस्तै

कतिपय आफू कमाएर आफ्नो परिवार पाल्ने र व्यापार व्यवसाय गर्न परिवारबाट अलग्गिएर वसेको पाइयो ।

### ४.१.२ पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको जातिगत विवरणः

नेपालमा औलो उन्मुलन पछि वसेको नयाँ वस्ती भएकोले यहाँ पुराना आदिवासी देखि फरक फरक जिल्लाबाट बसाई सराई गरेर आएका फरक जातजातिहरु बसोबास गरेको पाइन्छ । उनीहरुको यस विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको जातिगत विवरण**

| क.स. | जाति | सख्या | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | थारु | १३ | ३६.११ | |
| २ | वोटे | ६ | १६.६७ | |
| ३ | नेवार | ५ | १३.८९ | |
| ४ | व्रम्हाण | ४ | ११.११ | |
| ५ | क्षत्री | ३ | ८.३३ | |
| ६ | मगर | २ | ५.५६ | |
| ७ | तामाङ | २ | ५.५६ | |
| ८ | गुरुङ | १ | २.७८ | |
| | जम्मा | ३६ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७४

तालिका नं. २: अनुसार जम्मा ३६ जना उत्तरदाताहरु मध्ये ब्राम्हण ११.११ प्रतिशत, क्षेत्री ८.३३. प्रतिशत, थारु ३६.११ प्रतिशत, नेवार १३.८९ प्रतिशत र वोटे १६.६७ प्रतिशत रहेका छन् । समग्रमा थारु, नेवार तथा बोटेजातिको वाहुल्यता रहेको पाइयो भने ब्राम्हण, क्षेत्री, मगर, तामाङ, गुरुङ्ग जाति अलिकम पाइयो ।

### ४.१.३ पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको उमेर अनुसार विवरण

पर्यटन व्यवसायमा आवद्ध ३६ जना महिला  मध्य (१८ वर्ष भन्दा माथि) को अध्ययन गर्दा उनीहरुको उमेर अनुसारको विवरण निम्न अनुसार रहेको छ  ।

**तालिका नं. ३:**

**उत्तरदाताहरुको उमेर अनुसारको विश्लेषण तालिका**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १८-२० | ६ | १६.६७ | |
| २ | २१-३० | १२ | ३३.३३ | |
| ३ | ३१-४० | १० | २७.७८ | |
| ४ | ४१-५० | ६ | १६.६७ | |
| ५ | ५० भन्दा माथि | २ | ५.५६ | |
| | जम्मा | ३६ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७४

तालिका नं. ३ अनुसार १८ देखि २० वर्ष उमेरका महिला १६.६७ प्रतिशत, २१ देखि ३० वर्ष उमेरका महिला ३३.३३ प्रतिशत, ३१ देखि ४० वर्ष उमेर समूहका महिला २७.७८ प्रतिशत, ४० देख ५० वर्ष उमेर समूहका महिला १६.६७ प्रतिशत रहेका थिए भने ५० वर्षभन्दा वढि उमेर समुहका मात्र ५.५६ प्रतिशत रहेको पाइन्छ ।

### ४.१.४ उत्तरदाताहरुको शैक्षिक विवरण

यस क्षेत्रमा एक वटा स्नातक तह सम्म पढाई हुने कलेज लगायत सरकारी नीजि विद्यालय, उच्च मा.वि. र प्राविधिक शिक्षा सञ्चलन भइसकेको छ। तसर्थ निरक्षर व्यक्तिहरु खासै देखिदैन । विगतको तुलनामा शिक्षाको महत्वमा सचेत छन् । यस क्षेत्रका उत्तरदाताहरुको शैक्षिक अवस्था यस प्रकार देखिन्छ ।

**तालिका नं. ४:**

**उत्तरदाताहरुको शैक्षिक विश्लेषण तालिका**

| क.स. | शैक्षिक योग्यता | संख्या | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | अशिक्षत | २ | ५.५६ | |
| २ | शाक्षर | ९ | २५.०० | |
| ३ | विध्यालय स्तर | १८ | ५०.०० | |
| ४ | क्याम्पस स्तर | ७ | १९.४४ | |
| | जम्मा | ३६ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७४

तालिका नं. ४: अनुसार पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको जम्मा ३६ जना उत्तरदाताहरु मध्ये अशिक्षित ५.५६ प्रतिशत, सामान्य शिक्षित २५.०० प्रतिशत, विद्यालय स्तर अध्ययन गर्ने ५०.०० विश्वविद्यालय स्तर अध्ययन गर्ने १९.४४ प्रतिशत देखिन्छ । यो तथ्याङ्क अनुसार अशिक्षित र सामान्य शिक्षित भन्दा विश्वविद्यालय स्तर अध्ययन गर्नेको संख्या कमि छ । तर उच्चतम रुपमा विद्यालय स्तर अध्ययन तथा उच्च मा.वि. सम्म अध्ययन गर्नेको संख्या वढी देखियो । तसर्थ अध्ययनमा के देखिन्छ भने अहिले वर्तमान नेपाली समाजमा महिला शिक्षा प्रति उदार देखिन्छ । यसको प्रभाव यहाँका महिलाहरुमा पनि परेको देखिन्छ । तर पनि स्नातक तहभन्दा माथि अध्ययन गर्ने संख्या कम हुनु भनेको महिलाहरु विवाह पश्चात अध्ययनमा रोकावट भएको संकेत भने देखिएको छ ।

### ४.१.५ धर्मको विवरण

अध्ययन क्षेत्रका जम्मा २६ जना उत्तरदाताहरुको अध्ययन गर्दा उनीहरुले मान्ने धर्म अनुसार देखिएको अवस्थालाई निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ५**

**: उत्तरदाताहरुको धार्मिक अवस्थाको विश्लेषण**

| क्र.सं. | धर्म | संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | हिन्दु | ३१ | ८६.११ | |
| २ | बौद्ध | ३ | ८.३३ | |
| ३ | क्रिश्चियन | २ | ५.५६ | |
| | जम्मा | ३६ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७४

तालिका नं. ५ अनुसार छनोटमा परेका ३६ उत्तरदाताहरु मध्ये हिन्दु धर्म मान्ने ८६.११ प्रतिशत, बौद्ध धर्म ८.३३ र क्रिश्चियन धर्म मान्नेहरुको प्रतिशत ५.५६ देखियो । यसबाट थाहा हुन्छ कि यस क्षेत्रमा हिन्दु धर्मावलम्वीहरुको बाहुल्यता देखिन्छ । बौद्ध धर्म मान्ने केही कम छन् भने केही मात्रामा क्रिश्चियन धर्म मान्ने पनि देखियो । समग्रमा अवलोकन बाट के थाहा भएको थियो भने यस क्षेत्रमा राम्रो व्यवस्थापन भएको चर्च रहेको र त्यसले आर्थिक रुपमा प्रभाव पारेको पाइयो ।

## ४.२ पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको आर्थिक स्थिती

### ४.२.१ पारिवारीक आय विवरण

अध्ययनमा संलग्न उत्तरदाता महिलाहरुको घरमूलीहरु अधिकांश कृषि पेशामा संलग्न भएका हुनाले तथ्याङ्कमा उनीहरुको आय कमि देखिएको छ । पशुपंन्छि पालन तथा जमीनबाट उत्पादन हुने

खाध्य वस्तुहरुबाट हुने आम्दानीलाई लिईएको छ । तथ्याङ्कमा देखाइएको पारिवारीक आयमा अध्ययनमा संलग्न पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको आम्दानीलाई समेटिएको छैन ।

**तालिका नं. ६**

**पारिवारीक आय विवरण**

| क.स. | मासिक आय | उत्तरदाता संख्या | कुल प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १०,००० - १५००० | १२ | ३३.३३ | |
| २ | १५००० - २०,००० | ११ | ३०.५६ | |
| ३ | २०,००० - २५,००० | ६ | १६.६७ | |
| ४ | २५,००० - ३०,००० | ३ | ८.३३ | |
| ५ | ३०,००० - ३५,००० | २ | ५.५६ | |
| ६ | ३५,००० माथि | २ | ५.५६ | |
| | कुल | ३६ | १०० | |

(स्रोत स्थलगत अध्ययन २०७४)

बहुसंख्यक महिलाहरुको घरमूलीहरु कृषि पेशामा संलग्न भएका हुनाले तथ्याङ्कमा उनीहरुको आय कमि देखिएको छ । पशुपंन्छि पालन तथा जमीनबाट उत्पादन हुने खाध्य वस्तुहरु तथा ज्याला मजदुरी बाट हुने आम्दानीलाइ लिईएको छ । महिलाहरुको पारिवारीक आम्दानीलाई हेर्ने हो भने साधारण नेपालीको भन्दा खासै फरक छैन ।

### ४.२.२. पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको मासिक आय

यहाँ आय भन्नाले पर्यटन व्यवसायमा महिलाहरुले काम गरे वापत तथा व्यवसाय सञ्चालन गरेको आधारमा उनीहरुले पाउने गरेको प्रति महिना तलब  वा आम्दानि हो । तलब पाउने हिसाबले

हेर्ने हो भने, राम्रा, ठुला होटल तथा लज संञ्चालन गरेका ठुला व्यवसासयहरुको अन्यको तुलनामा बढी आम्दानि हुने गरेको पाईन्छ । तर शुरुमा लगानी पनि धेरै लाग्ने तथा राजनीतिक अस्थिरताका कारण लगानि नै जोखिममा परेको तथ्य उत्तरदाताले वताएका थिए । महिलाहरुको प्रतिमहिना आय विवरण तल तालिका नं ७ मा देखाईएको छ ।

**तालिका नं. ७**

**पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको मासिक आय विवरण**

| क.स. | प्रति महिना तलब | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १५,००० - २०,००० | १६ | ४४.४४ | |
| २ | २०,००० - २५,००० | ८ | २२.२२ | |
| ३ | २५,००० -३०,००० | ६ | १६.६७ | |
| ४ | ३०,००० भन्दा माथि | ६ | १६.६७ | |
| ५ | जम्मा | ३६ | १०० | |

(स्रोत स्थलगत अध्ययन २०७४)

तलिका नं ७ मा पर्यटन व्यवसायमा संलग्न महिलाहरुको आय रु. १५,००० - २०,००० हुने ४४.४४, २०,००० - २५,००० आम्दानी हुने २२.२२ र २५,००० -३०,००० तथा ३०,००० भन्दा माथि आम्दानी हुने १६.६७ प्रतिशत रहेका छन् । भन्दा १५,००० - २०,००० आम्दानि हुनेहरुको बढी प्रतिनिधित्व देखिएको छ । खासगरि यिनिहरु केवल गरिव परिवारका श्रमिकको रुपमा आवद्ध हुन् भने ३०,००० भन्दा माथि आम्दानि हुने स्वरोजगार व्यवसायीहरु हुन ।

### ४.२.३. पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको मासिक बचत

महिलाहरुको मासिक आम्दानीबाट खर्च गरि बाँकी रहेको रकमलाई वचत भनिन्छ । तल तालिका ८ अनुसार मासिक ५,००० बचत गर्ने महिलाहरुको संख्या ८.३३ % मासिक १०,००० सम्म बचत गर्ने संख्या ४१.६७ % र बिस हाजारभन्दा माथि बचत गर्ने संख्या २२.२२ % पाइएको छ । तुलनात्मक रुपमा अन्य व्यवसाय भन्दा पर्यटन व्यवसायमा काम गर्ने महिलाहरुको मासिक बचत बढी रहेकोले पनि महिलाहरु  यस किसिमको रोजगारी प्रति बढी आकर्षित भएको पाइन्छ ।

**तालिका नं.८**

**उत्तरदाताको मासिक बचत विवरण**

| क.स | मासिक बचत | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ५,००० सम्म | ३ | ८.३३ | |
| २ | ५,००० - १०,००० | १५ | ४१.६७ | |
| ३ | १०,००० - १५,००० | ८ | २२.२२ | |
| ४ | १५००० - २०,००० | ६ | १६.६७ | |
| ५ | २०,००० भन्दा माथि | ४ | ११.११ | |
| | कूल | ३६ | १०० | |

(स्रोत: स्थलगत अध्ययान २०७४)

यस क्षेत्रमा आवद्ध धेरैजसो महिलाह्रु न्यून मध्यम वर्गका परिवारका भएकाले न ज्यादै ठुलो आम्दानि नै छ न खर्चनै । स्वरोजगार महिला र आफ्नो घरायासी आम्दानीले खानपुग्ने महिलाको मात्र वचत गर्ने गरेको पाईन्छ ।

### ४.२.४. कमाईबाट प्राप्त हुने सहयोग

पर्यटन व्यवसायमा आवद्ध हुनुको प्रमुख उद्देश्य भनेकै केही कमाउ, घरपरिवारको लागी आर्थिक टेवा पुगोस भन्ने हो । फलस्वरुप कतिपय नेपाली महिलाहरुले आफ्नो स्थिती मजवुत पनि बनाएका छन् । घर परिवारलाई आर्थिक क्षेत्रबाट टेवा दिइ राखेका छन् भने दुर्भाग्यवश कतिपय महिलाहरु यसको ठिक विपरीत कमाएर बचत गर्नुको सट्टा फजुल खर्चमा लाग्नाले त्यति वचत हुन नसकेको बताउँछन् । वचत त्यति नर्गनेका अभिभावकले उनिहरुलाई उक्त काम छोड्न दवाव दिने गरेको कुरा उत्तरदाताले वतायका थिय । जसलाई तालिका नं. ९ मा देखाइएको छ ।

**तालिका नं. ०९**

**कमाई सम्बन्धमा उत्तरदाताको धारणा**

| क.स | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सहयोग पुग्ने | २३ | ६३.८९ | |
| २ | सहयोग नपुग्ने | १३ | ३६.११ | |
| ३ | कूल | ३६ | १०० | |

(स्रोत: स्थलगत अध्ययान २०७४)

यहाँ ६३.८९ % महिलाहरुको कमाईले उनीहरुको परिवारहलाई सहयोग पुगेको र ३६.११ % महिलाहरुको कमाई भएपनि फजुल खर्चगर्ने प्रवृतिका कारण आफ्नो कमाईबाट परिवारलाई टेवा दिन नसकेको कुरा बताएका छन् । बढी महिलाको कमाईले बचत हुने र घर खर्च धान्ने गरेको देखिन्छ ।

### ४.२.५. पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको पेशाप्रतिको सन्तुष्टि

उनिहरुलाई आफ्नो कामप्रति कत्तिको सन्तुष्टि छ भनि सोधिएको प्रश्नको प्रतिक्रियालाई तलको तालिका नं १० वाट प्रष्टाइएको छ ।

**तालिका नं. १०**

**पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको पेशाप्रतिको सन्तुष्टि विवरण**

| क.स | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तुष्ट | ११ | ३०.५६ | |
| २ | असन्तुष्ट | ९ | २५.०० | |
| ३ | ठिकै छ | ८ | २२.२२ | |
| ४ | विकल्प नभएर | ८ | २२.२२ | |
| ३ | कूल | ३६ | १०० | |

(स्रोत: स्थलगत अध्ययान २०७४)

तालिका नंवर १० अनुसार पेशाप्रतिको सन्तुष्टिलाई भन्नुपर्दा स्वरोजगार महिलाहरु अहिले पुर्ण रुपमा सन्तुष्ट देखिन्छन् किनकि अहिले आन्तरिक तथा वाह्य  पर्यटकको आगमन राम्रो रहेकोले

आम्दानी पनि राम्रो भएकाले उनिहरु पुर्ण सन्तुष्ट रहेको पाइन्छ भने असन्तुष्ट तथा विकल्प नभएर भन्नेहरु यस्तो व्यवसायमा लागेको महिला चारित्रिक रुपमा उचित हुदैनन्  भन्ने सामाजिक हेराइ वुझाईका कारण तथा विभिन्न प्रकारका सजिला असजिला - कतिपय अवस्थामा पईटकले यौन चाहाना र सो जन्य काममा संलग्न हुनुपर्ने) कामपनि गनुपर्ने भएकाले पनि उनिहरु यस प्रतिको दृष्टिकोण केहि नकारात्मक वनाएको पाइन्छ ।

### ४.२.६. जीवन स्तर परिवर्तन संवन्धि उत्तरदाताको दृष्टिकोण

**तालिका नं. ११**

**जीवन स्तर परिवर्तन संवन्धि उत्तरदाताको दृष्टिकोण**

| क.स | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | परिवर्तन भएको | २४ | ६६.६७ | |
| २ | परिवर्तन खासै नभएको | १२ | ३३.३३ | |
| ३ | कूल | ३६ | १०० | |

(स्रोतः स्थलगत अध्ययान २०७४)

तालिका नं. ११ अनुसार वहुसंख्यक उत्तरदाताको जीवन स्तरमा परिवर्तन आएको वताएका छन् । यसले के देखाउदछ भने आर्थिक रुपमा मात्र नभै यस पेशामा लागेका अधिकांश महिलाहरु ठाँउ ठाँउका विभिन्न किसिमका मानिसहरु संग भेटघाट हुने तथा सभा सेमिनार समेत हुने हुदा त्यस्ता कार्यक्रमले उनिहरुलाई सहयोग पुगेको कारण जीवन स्तरमा परिवर्तन आएको वताएका थिए ।

### ४.२.७. लैङगिक विभेद तथा शोषण संवन्धि उत्तरदाताको दृष्टिकोण

**तालिका नं. १२ लैङगिक विभेद शोषण संवन्धि उत्तरदाताको दृष्टिकोण**

| क.स | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | १६ | ४४.४४ | |
| २ | छैन | २० | ५५.५६ | |
| ३ | कूल | ३६ | १०० | |

(स्रोतः स्थलगत अध्ययान २०७४)

तालिका नं. १२ अनुसार वहुसंख्यक उत्तरदाताले लैङगिक विभेद नभएको वताएका छन् । यसले के देखाउदछ भने यो पेशामा लागेका महिलाहरु केहिनकेहि, कुनै न कुनै ठाँउ तथा काममा लैङगिक विभेद सहनुपरेको देखिन्छ । खासगरि जंगल सफारी, जलयात्रा, पदयात्रा जस्ता क्षेत्रमा पर्यटकले खासै विश्वास नगर्ने कुरा उत्तरदाताले वतायका थिए । त्यसैगरि कतिपय पुरुष पर्यटकले सेवा गर्ने सर्न्दभमा छुन खोज्ने, जिस्क्याउन खोज्ने, एकोहोरो हेर्ने, शारिरिक सम्वन्ध राख्नको लागि प्रस्ताव गर्ने, पैसाको लोभ देखाउने जस्ता लैङगिक विभेद तथा शोषण संवन्धि गतिविधि सहनुपरेको कुरा व्यक्त गरेका थिए ।

### ४.२.८. उत्तरदाताको सेवा अवधि सम्वन्धि विवरण

**तालिका नं १३**

**उत्तरदाताको सेवा अवधि सम्वन्धि विवरण**

| क.स. | सेवा अवधि | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १ देखि ३ वर्ष | १४ | ३८.८९ | |
| २ | ३ देखि ५ वर्ष | ९ | २५.०० | |
| ३ | ५ देखि ८ वर्ष | ६ | १६.६७ | |
| ४ | ८ देखि १० वर्ष | ५ | १३.८९ | |
| ५ | १० देखि १२ वर्ष | २ | ५.५६ | |
| | जम्मा | ३६ | १०० | |

(स्रोत : स्थलगत अध्ययन २०७४)

तालिका नं. १३ अनुसार १-३ वर्षसम्म काम गर्ने महिलाहरुको संख्या १४ जना अर्थात ३८.८९ प्रतिशत रहेको छ । त्यसैगरि ३ देखि ५ वर्ष काम गर्ने ९ जना अर्थात २५.०० प्रतिशत, त्यसैगरि ५ देखि ८ वर्ष काम गर्ने ६ जना अर्थात १६.६७ प्रतिशत, त्यसैगरि ८ देखि १० वर्ष काम गर्ने ५ जना अर्थात १३.८९ प्रतिशत, त्यसैगरि १० देखि १२ वर्ष काम गर्ने २ जना अर्थात ५.५६ प्रतिशत रहेका छन् । खास गरि अमलटारी वाघखोर क्षेत्र विगत ८/१० वर्ष देखि विस्तारै चर्चामा आएको ठाँउ हुनुका साथै हिजोका दिनमा महिलालाई यो क्षेत्रमा प्रवेष निषेध जस्तै भएकाले पनि समयअवधि त्यति लामो नदेखिएको हो ।

### ४.४.९. दैनिक कार्य समय

यहाँ वैदेशिक रोजगारमा संलग्न महिलाहरुको दैनिक कार्य समयलाइ तल तालिका नं १४ मा देखाईएको छ । जसमा उनीहरुको कामको प्रकृति हेरी कार्य अवधी पनि एक समान नरहेको पाईएको छ

**तालिका नं: १४**

**रोजगारीमा कार्यसमयको विवरण**

| क्रं स. | कार्य समय विवरण घण्टामा | उतरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | दैनिक ८ घण्टा | १० | २७.७८ | |
| २ | दैनिक १२ घण्टा | १० (अतिरिक्तको सुविधासहित) | २७.७८ | |
| ३ | दैनिक १२ घण्टा | ८ (अतिरिक्तको सुविधा रहित) | २२.२२ | |
| ४ | दैनिक १२ घण्टाभन्दा माथि | ८ | २२.२२ | |
| | कूल | ३६ | १०० | |


(स्रोत: स्थलगत अध्ययन २०७४)

तालिका नं: १४ अनुसार २७.७८ % महिलाहरुको दैनिक कार्य समय ८ र १२ घण्टा, ३०.७७% महिलाहरुको १२ घण्टा (अतिरिक्तको सुविधा सहित) २३.०८% महिलाहरुको १२ घण्टा भन्दा माथि भएको पाईएको छ । दैनिक १२ घण्टा देखि लिएर १७/१८ घण्टा सम्म अतिरिक्त समयको सुविधा ( अतिरिक्तको सुविधा रहित) नपाइकन काम गर्ने २२.२२ % रहेका छन् । । यसरी अमानविय तवरले काम लगाईनु र काम गर्नु ती महिलाहरुको आफ्नै बाध्यता हो । धेरैजसो महिलाहरु दैनिक १२ घण्टा भन्दा वढि काम गर्नुपर्ने देखिन्छ ।

### ४.२.१० अतिरिक्त कार्य समयको सुविधा सम्वन्धि विवरण

अतिरिक्त समयको सुविधा सबै काम गर्ने कम्पनी या होटल, रेष्टुरेन्ट, लज तथा ट्रेकिङ एजेन्सिहरुले उपलब्ध गराईएको हुँदैन, कामको भार हेरी सोही अनुसारको अतिरिक्त समय दिईने प्रावधान बनाईएको हुन्छ भने कुनै ठाउँमा अतिरिक्त समयको बिना तलब नै पनि काम गर्नु पर्ने हुन्छ । यहाँ अतिरिक्त समयको सुविधा पाउने/नपाउने महिलाहरुको संख्या तलको वृतचित्रमा देखाईएको छ ।

### वृत चित्र नं. १




स्रोत : स्थलगत अध्ययन २०७४)

वृत चित्र नं. १ अनुसार ४१% महिलाहरुको सुविधाको व्यवस्था भएको र ५९% महिलाहरुलाई कुनै प्रकारको सुविधा नभएको देखिएको छ । यसले बढी काम लगाउने तर अतिरिक्त समयको सुविधा नदिने गरेकाले महिला बढी पिडित भएको पाईन्छ ।

# अध्याय- पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

पारिवारिक, सांस्कृतिक, आर्थिक, मनोरञ्जन, स्वास्थ्यपचार अध्ययन, लगायत अन्य कुनै पनि कारणले एउटा व्यक्ति आफ्नो वासस्थान स्थान छाडेर आफ्नो देश भित्रकै वा देश बाहिर अन्य मुलुका विभिन्न स्थलको यात्रा गर्दछ भने त्यस्ता व्यक्तिलाई पर्यटक र उसको भ्रमणको सिलसिला, त्यसवाट उत्पन्न सम्पूर्ण परिणामहरुको समष्टि रुपलाई पर्यटन भनिन्छ । मानव समाजको विकासको क्रममा मानिसहरुमा विभिन्न उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने गर्दछ । पछि त्यही यात्राले पर्यटनको रुप लिएको पाईन्छ । त्यस समयको यात्रा विशेष गरी जिवन निर्वाण लागि हुने गर्दथ्यो । आजको युगमा मानिस आफ्नो फुर्सतको केही समयलाई देश विदेश घुम्नमा प्रयोग गर्दछन् । पर्यटनले आफुभन्दा टाढाको समाज, संकृति र प्राकृतिक सौन्दर्यसित परिचित गराएको हुन्छ । पर्यटन विविन्न सामाजिक परिबेश भएका व्यक्तिहरुलाई  एक ठाउँमा ल्याएर सामाजीक अन्तरसम्बन्धको दायरालाई फराकिलो बनाउनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ

पर्यटन व्यवसायका लागि नेपाल उर्वर मानिन्छ । नेपालका काठमाडौं, पोखरा, सौराहा, सगरमाथा क्षेत्र, मुक्तिनाथ क्षेत्र आदि जस्ता प्रमुख पर्यटकिय गन्तव्य पछि उदयिमान गन्तव्यको रुपमा प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५  अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्र राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पर्यटन व्यवसायको केन्द्रको रुपमा परिचित हुनलागको छ ।  खासगरि यो क्षेत्र लमजुङको घलेगाँउ, स्याङजाको सिरुवारी जस्तै गृहवासका कारण प्रख्यात हुदै आएको छ । नेपालमा स्थापित गृहवासहरु मध्य यस क्षेत्रमा स्थापित गृहवास सर्वोतम भएको पुष्टि भईसकेको छ। यस क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत आफ्नो सेवाका कारण परिचित टाईगर क्याम्प, वर्ड कलिङ, मचान, टेम्पल टाईगर, मचान कन्ट्रि भिल्ला, टाईगर टप थारु लज, थारु हेरिटेज, नारायणि हाइट जस्ता राम्रो स्तरिय सेवा दिने विदेशी पाहुनालाई लच्छित गरि खोलियका होटेलहरु हुन भने थारु फुड हाउस, वरौली, अमलटारी, अमलटारी मध्यवर्ती, वोटे गाँउ रिसोट, दिदिवहिनी जस्ता गृहवासहरु, भिजन, श्रेष्ठ, ग्रीन, टाइनी, वोटे, एकान्त हरियाली कटेज जस्ता कटेजहरुका साथै विभिन्न किसिमका तीन दर्जन भन्दा वढि पर्यटकलाई

सेवा दिने खालका लज, होटल, रेष्टुरेन्टहरु समेत खोलि सेवा दिदै आएको यो क्षेत्र पर्यटन व्यवसायको उर्वर क्षेत्रको रुपमा परिचित हुदै आएको छ ।

नेपालका काठमाडौं, पोखरा, सौराहा, सगरमाथा क्षेत्र, मुक्तिनाथ दामन, लामटाङ क्षेत्र आदि जस्ता प्रमुख पर्यटकिय गन्तव्य पछि उदयिमान गन्तव्यको रुपमा प्रदेश नंवर चारको प्रवेशद्धार वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको वडा नं १५ अन्तरगत पर्ने अमलटारी, शेरगञ्ज, वाघखोर जस्ता क्षेत्रका होटल, लज, रेष्टुरेन्ट व्यवसायी, गृहवास संचालक तथा यस्ता क्षेत्रमा काम गर्ने पर्यटन व्यवसायमा सहभागि महिलाहरुको सामाजिक-आर्थिक अवस्थाको अध्ययन गर्न, उनिहरुका मुख्य समस्याहरु पत्ता लगाउन तथा उनिहरुको जिवन स्तरमा आएको परिवर्तनको अध्ययन गर्न अति आवश्यक महशुस गरिएको छ । खासगरि यसले बेरोजगारी समसयालाई कम गर्न सकेको छ ? के यसले महिलाहरुलाई आत्मनिर्भर बनाउन सकेको छ ? के यो व्यवसायमा महिलाहरु सन्तुष्ट छन् ? के यो व्यवसायले महिलाहरुको जिवनस्तरमा परिवर्तन ल्याएको छ ? के यो व्यवसायले विश्वव्यापी रुपमा प्रभाव पारेको छ ? के यो व्यवसायमा महिलाहरुले लैङ्गिक विभेदित समस्याहरु भोग्नु परेको छ ? भन्ने जस्ता अनुशन्धान समस्या भित्र रहेर अध्ययन अगाडि वढाईएको छ । पर्यटन व्यवसायमा सहभागि महिलाको सामाजिक-आर्थिक अवस्था र यसले उनिहरुको जिवनस्तरमा आएको परिवर्तनका पक्षहरु पत्तालगाउने उद्देश्य यसको रहेको छ ।

पर्यटन व्यवसायमा महिलाको आकर्षण' मार्फत वर्तमान समयमा पर्यटन व्यवसायमा महिलाको आकर्षण बढन थालेको छ । अहिले पर्यटन व्यवसायमा महिलाको आकर्षण बढन थालेको छ । अहिले पर्यटन व्यवसायमा महिला र पुरुष दुबै उत्तिकै सक्रिय छन् । प्रमुख पर्यटकीय स्थल पोखरा र काठमाडौंमा महिलाले यस व्यवसाय चलाउन थालेका छन् । थ्रि सिड्भेञ्चर प्रा.लि. ले गरेको सर्बेक्षणले गत वर्षको तुलनामा महिला व्यवसायको संख्या ४० प्रंतिशतले वृद्धि भएको देखिएको छ । ठुला होटल, क्यासिनो, ट्राभल एजेन्सीहरु र ट्रेकिङमा महिलाको सक्रिय सहभागिता देखिन थालेको छ । महिलाहरु भरियाबाट ट्रेकिङ गाइड हुदै होटल व्यवसायीमा रुपान्तरण भएका छन् । भरीयाका रुपमा काम सुरु गरेका महिलाहरु ट्रेकिङ गाइड हुँदै होटल व्यवसायी भएको कुरा हाम्रो सामु स्पष्ट भैसकेको छ । राम्रो कमाई र विश्वका धेरै व्यक्तिहरुसंगको भेटघाटका कारण महिलाहरुलाई यो पेशाले आकर्षक गरेको कुरा वुझ्न सकिन्छ ।

पर्यटन व्यवसायमा आवद्ध महिलाहरु मध्ये ७२.२२ प्रतिशत महिला एकात्मक परिवारमा बसेको र २७.७८ प्रतिशत महिलाहरु संयुक्त परिवारमा रहेको पाइयो । वदलिदो युग सँगै पश्चिमी शैलीको प्रभाव पर्दै गयो तब मानिसहरु एकात्मक परिवारमा वस्न रुचाएका छन् । संयुक्त परिवारमा सबै मानिसको रुची र चाहना नमिल्ने हुनाले मानिस स्वतन्त्रताको लागि अलग वस्ने गरेको पाइयो । त्यस्तै कतिपय आफू कमाएर आफ्नो परिवार पाल्ने र व्यापार व्यवसाय गर्न परिवारबाट अलग्गिएर वसेको पाइयो ।

नेपालमा औलो उन्मुलन पछि वसेको नयाँ वस्ती भएकोले यहाँ पुराना आदिवासी देखि फरक फरक जिल्लाबाट बसाई सराई गरेर आएका फरक जातजातिहरु बसोबास गरेको पाइन्छ । जातिय आधारमा ३६ जना उत्तरदाताहरु मध्ये ब्राम्हण ११.११ प्रतिशत, क्षेत्री ८.३३. प्रतिशत, थारु ३६.११ प्रतिशत, नेवार १३.८९ प्रतिशत र वोटे १६.६७ प्रतिशत रहेका छन् ।

उमेर समुह अनुसार १८ देखि २० वर्ष उमेरका महिला १६.६७ प्रतिशत, २१ देखि ३० वर्ष उमेरका महिला ३३.३३ प्रतिशत, ३१ देखि ४० वर्ष उमेर समूहका महिला २७.७८ प्रतिशत, ४० देख ५० वर्ष उमेर समूहका महिला १६.६७ प्रतिशत रहेका थिए भने ५० वर्षभन्दा वढि उमेर समुहका मात्र ५.५६ प्रतिशत रहेको पाइन्छ ।

शैक्षिक हिसावले पर्यटन व्यवसायमा आवद्ध महिलाहरुको जम्मा ३६ जना उत्तरदाताहरु मध्ये अशिक्षित ५.५६ प्रतिशत, सामान्य शिक्षित २५.०० प्रतिशत, विद्यालय स्तर अध्ययन गर्ने ५०.०० विश्वविद्यालय स्तर अध्ययन गर्ने १९.४४ प्रतिशत देखिन्छ । यो तथ्याङ्क अनुसार अशिक्षित र सामान्य शिक्षित भन्दा विश्वविद्यालय स्तर अध्ययन गर्नेको संख्या कमि छ । धर्म अनुसार छनोटमा परेका ३६ उत्तरदाताहरु मध्ये हिन्दु धर्म मान्ने ८६.११ प्रतिशत, बौद्ध धर्म ८.३३ र क्रिश्चियन धर्म मान्नेहरुको प्रतिशत ५.५६ रहेका छन् ।

पर्यटन व्यवसायमा संलग्न महिलाहरुको आयको दृसष्टकोणले हेर्दा रु. १५,००० - २०,००० हुने ४४.४४, २०,००० - २५,००० आम्दानी हुने २२.२२ र २५,००० -३०,००० तथा ३०,००० भन्दा माथि आम्दानी हुने १६.६७ प्रतिशत रहेका छन् । भन्दा १५,००० - २०,००० आम्दानि हुनेहरुको बढी प्रतिनिधित्व देखिएको छ । खासगरि यिनिहरु केवल गरिव परिवारका श्रमिकको रुपमा आवद्ध हुन् भने ३०,००० भन्दा माथि आम्दानि हुने स्वरोजगार व्यवसायीहरु हुन ।

महिलाहरुको मासिक आम्दानीबाट खर्च गरि बाँकी रहेको रकमलाई वचत भनिन्छ । तल तालिका ८ अनुसार मासिक ५,००० बचत गर्ने महिलाहरुको संख्या ८.३३ % मासिक १०,००० सम्म बचत गर्ने संख्या ४१.६७ % र बिस हाजारभन्दा माथि बचत गर्ने संख्या २२.२२ % पाइएको छ । यहाँ ६३.८९ % महिलाहरुको कमाईले उनीहरुको परिवारहलाई सहयोग पुगेको र ३६.११ % महिलाहरुको कमाई भएपनि फजुल खर्चगर्ने प्रवृतिका कारण आफ्नो कमाईबाट परिवारलाई टेवा दिन नसकेको कुरा बताएका छन् । बढी महिलाको कमाईले बचत हुने र घर खर्च धान्ने गरेको देखिन्छ ।

पेशाप्रतिको सन्तुष्टिलाई भन्नुपर्दा स्वरोजगार महिलाहरु अहिले पुर्ण रुपमा सन्तुष्ट देखिन्छन् किनकि अहिले आन्तरिक तथा वाह्य पर्यटकको आगमन राम्रो रहेकोले आम्दानी पनि राम्रो भएकाले उनिहरु पुर्ण सन्तुष्ट रहेको पाइन्छ भने असन्तुष्ट तथा विकल्प नभएर भन्नेहरु यस्तो व्यवसायमा लागेको महिला चारित्रिक रुपमा उचित हुदैनन् भन्ने सामाजिक हेराइ वुझाईका कारण तथा विभिन्न प्रकारका सजिला असजिला - कतिपय अवस्थामा पईटकले यौन चाहाना र सो जन्य काममा संलग्न हुनुपर्ने) कामपनि गनुपर्ने भएकाले पनि उनिहरु यस प्रतिको दृष्टिकोण केहि नकारात्मक वनाएको पाइन्छ । वहुसंख्यक उत्तरदाताको जीवन स्तरमा परिवर्तन आएको वताएका छन् । यसले के देखाउदछ भने आर्थिक रुपमा मात्र नभै यस पेशामा लागेका अधिकांश महिलाहरु ठाँउ ठाँउका विभिन्न किसिमका मानिसहरु संग भेटघाट हुने तथा सभा सेमिनार समेत हुने हुदा त्यस्ता कार्यक्रमले उनिहरुलाई सहयोग पुगेको कारण जीवन स्तरमा परिवर्तन आएको वताएका थिए ।

वहुसंख्यक उत्तरदाताले लैङगिक विभेद नभएको वताएका छन् । यसले के देखाउदछ भने यो पेशामा लागेका महिलाहरु केहिनकेहि, कुनै न कुनै ठाँउ तथा काममा लैङगिक विभेद सहनुपरेको देखिन्छ । खासगरि जंगल सफारी, जलयात्रा, पदयात्रा जस्ता क्षेत्रमा पर्यटकले खासै विश्वास नगर्ने कुरा उत्तरदाताले वतायका थिए । त्यसैगरि कतिपय पुरुष पर्यटकले सेवा गर्ने सर्न्दभमा छुन खोज्ने, जिस्क्याउन खोज्ने, एकोहोरो हेर्ने, शारिरिक सम्वन्ध राख्नको लागि प्रस्ताव गर्ने, पैसाको लोभ देखाउने जस्ता लैङगिक विभेद तथा शोषण संवन्धि गतिविधि सहनुपरेको कुरा व्यक्त गरेका थिए ।

उत्तरदाताको सेवा अवधि सम्वन्धि विवरण १-३ वर्षसम्म काम गर्ने महिलाहरुको संख्या १४ जना अर्थात ३८.८९ प्रतिशत रहेको छ । त्यसैगरि ३ देखि ५ वर्ष काम गर्ने ९ जना अर्थात २५.०० प्रतिशत, त्यसैगरि ५ देखि ८ वर्ष काम गर्ने ६ जना अर्थात १६.६७ प्रतिशत, त्यसैगरि ८ देखि १० वर्ष

काम गर्ने ५ जना अर्थात १३.८९ प्रतिशत, त्यसैगरि १० देखि १२ वर्ष काम गर्ने २ जना अर्थात ५.५६ प्रतिशत रहेका छन् । खास गरि अमलटारी वाघखोर क्षेत्र विगत ८/१० वर्ष देखि विस्तारै चर्चामा आएको ठाँउ हुनुका साथै हिजोका दिनमा महिलालाई यो क्षेत्रमा प्रवेष निषेध जस्तै भएकाले पनि समयअवधि त्यति लामो नदेखिएको हो ।

त्यसैगरि २७.७८ % महिलाहरुको दैनिक कार्य समय ८ र १२ घण्टा, ३०.७७% महिलाहरुको १२ घण्टा (अतिरिक्तको सुविधा सहित) २३.०८% महिलाहरुको १२ घण्टा भन्दा माथि भएको पाईएको छ । दैनिक १२ घण्टा देखि लिएर १७/१८ घण्टा सम्म अतिरिक्त समयको सुविधा (अतिरिक्तको सुविधा रहित) नपाइकन काम गर्ने २२.२२ % रहेका छन् । । यसरी अमानविय तवरले काम लगाईनु र काम गर्नु ती महिलाहरुको आफ्नै बाध्यता हो । धेरैजसो महिलाहरु दैनिक १२ घण्टा भन्दा वढि काम गर्नुपर्ने देखिन्छ ।

अतिरिक्त समयको सुविधाका आधारमा ४१% महिलाहरुको सुविधाको व्यवस्था भएको र ५९% महिलाहरुलाई कुनै प्रकारको सुविधा नभएको देखिएको छ । यसले बढी काम लगाउने तर अतिरिक्त समयको सुविधा नदिने गरेकाले महिला बढी पिडित भएको पाईन्छ ।

## ५.२ निष्कर्ष

पर्यटन उद्योगमा महिला सहभागितासँग सम्बद्ध लैङ्गिक समानता ल्याउन र कार्यान्वयन गर्न तथा लाभको सदुपयोगको सन्दर्भमा ५० प्रतिशत भन्दा बढी महिला जनसंख्या भएको नेपाल ठुलो सरोकारको विषय रहेको छ । नेपालको आर्थिक बिकासमा पर्यटन, जल, गैह्रकाष्ठ, वन, थोरै जमिनवाट धेरै मूल्य प्राप्त हुने कृषि उत्पादन तथा मानव श्रोतको उच्चतम बिकास र प्रयोगवाट सम्भव छ र महिलाहरु यि क्षेत्रसँग नितान्त अभिन्न छन् । नेपाली जनताको लामो समयदेखीको नयाँ नेपालको रुपमा राष्ट्र निर्माण गर्ने चाहाना सुदृढ पार्न र सामाजिक, आर्थिक रुपमान्त्रण गर्न ठुलो हिस्सा भएको महिला सहभागिता विना कठिन छ । पर्यटन क्षेत्र चाहे पर्वतीय, हिमाली वा तराई जहाँको भएपनि यो नै नेपालको प्रमुख आर्थिक लाभको क्षेत्र हो । समाजका हरेक क्षेत्रमा महिला पछाडि परेको अवस्थामा पर्यटन क्षेत्र यसको पर्याय हुन सक्दैन तरपनि जनसंख्याको ठुलो हिस्सा ओगटेको महिला वर्गको

जनसांखिक अननुपातमा प्रतिनिधित्व विना विकासका कुनैपनि मार्ग सवल र सफल हुन सक्दैनन् । त्यसैले पर्यटन लगायत सवै क्षेत्रमा हुने लैङगिक विभेदको अन्त्य गर्दै नयाँ जोस, सोच, नीति, कार्यक्रम र योजनाका साथ अगाडि वढ्न सके/खोजे असम्भव केहि रहन सक्दैन भन्ने वुझाई वा ठमम्याई मेरो रहेको छ

## परिशिष्ट १

# सन्दर्भ ग्रन्थ सूची

अर्याल, भोजेन्द्र ( २०७३) : लैङ्गिक अध्ययन, दिक्षान्त पुस्तक प्रकाशन, किर्तिपुर, काठमाडौं ।

आचार्य, मीना र वेनेट, लीना (१९८१) : द स्टाटस अफ वुमन इन नेपाल, भोलुम-सेकेण्ड, सेडा टि.यु, काठमाडौं ।

अफ द  इन्स्टीच्युशन इफोर्ट फर जेण्डर मेनस्ट्रिमिङ्ग इन द एग्रिकल्चर सेक्टर डेभलपमेण्ट इन नेपाल, हिमालयन जर्नल अफ सोसिओलोजी एण्ड एन्थ्रोपोलोजी, भोलुम-१, डिपार्टमेण्ट अफ सोसिओलाजी एण्ड एन्थ्रोपोलोजी पृथ्वीनारायण क्याम्पस, त्रि.वि., नेपाल ।

अर्थ मन्त्रालय , २०१३. आर्थिक सर्वेक्षण २०१४, काठमाडौं : नेपाल सरकार

उत्प्रेती, लयप्रसाद (२००४) : जेण्डर एण्ड डेभलपमेण्ट : अ माइक्रो लेभल सोसिओलोजीकल स्टडी

उपाध्याय, प्रनिल के. र उप्रेती विष्णुराज, (२००८) : इन्त्यान्सिङ्ग वुमन्स पार्टिसिपेसन इन माउण्टेन

कुँवर रमेशराज ( २००६) : टुरिष्ट एण्ड टुरिज्म् : साइन्स् एण्ड इण्डष्ट्रि इन्टरफेस्, इन्टरनेशनल स्कुल अफ टुरिज्म् एण्ड होटल म्यानेजमेण्ट, डिल्लीबजार, काठमाडौं ।

कुँवर, तृष्णा (२०७३) : दुःख साटदै महिलाहरु कान्तिपुर वर्ष १७, अंक १६५, काठमाडौं

खत्री, प्रेमकुमार र खरेल, गंगा  (२०५५) : नेपालको पुरातत्व, कला र पर्यटन, साझा प्रकाशन, काठमाडौं ।

गणेश र रायमाझी, रामचन्द्र (२०५७) : पर्यटन : विकास र व्यवस्थापन, एशिया पब्लिकेसन्, बागबजार, काठमाडौ

गिडेन्स, एन्थोनी (२००१) सोसिओलाजी, प्रेस इज एसोसियसन विथ ब्ल्याकवाल पब्लिसर लिमिटेड यु.के।

घिमिरे, कल्पना : पर्यटन व्यवसायमा महिला आकर्षण, कान्तिपुर, २०६५ फागुन १४, काठमाडौं ।

टुरिज्म, प्रोस्पेक्टस् एण्ड च्यालेन्जेज्, डब्लुडब्लुडब्लु.एमटीएनफोरम. ओआरजी/आरएन/ओएन/

तामाङ, मिन दाश, (२०१७ ) अनौठो ट्रेकिङ र अन्वेषण, ठमेल काठमाडौं ।

तामाङ्ग, सेरा (२०१४) : नेपालमा विकासे नारिवाद  (लेख) : नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तनः मेरी डेसेन, प्रत्यस वन्त, सोसल साइन्स वहा :, काठमाडौं ।

देवकोटा ( ढकाल) ,मिरा (२००७) : एजुकेटेड वुमन इन गर्भरमेन्ट इम्प्लोइमेन्ट ( अ केश स्टडी अफ पोखरा सब-मेट्रोपोलिस एण्ड कास्की डिस्ट्रिक डेभलपमेन्ट कमिटि अफिस) , अप्रकाशित एम.ए. शोध पत्र, समाजशास्त्र विभाग, त्रि.वि. काठमाडौं ।

प्रधानाङ्ग, सुरेन्द्र भक्त (२००२) : भिलेज टुरिजम इन चितवन, एडरोइट पब्लिसर्स, यमुना विहार, दिल्ली ।

पहारी, जमुना (२००८) : सोसियो-इकोनोमिक स्टाटस अफ वुमन पार्टिसेपेसन इन टुरिजम इण्डष्ट्रि ( अ केश स्टडी हफ विमीन अफ लेकसाइड -६, पोखरा), अप्रकाशित एम. ए शोध पत्र, समाजशास्त्र/मनवशास्त्र विभाग, त्रि.वि., काठमाडौं ।

पौडेल तुलसीराम (२०५८) : लैङ्गिक अध्ययनको रुपरेखा, काठमाडौं,काठमाडौं निमा पुस्तक प्रकाशन ।

भाषिन, कमला ( २०००) : टुरिज्म् एण्ड द इन्भारोमेण्ट अ कोष्ट फर सष्टिन्याविलिटी,

क्षेत्री लक्की : पर्यटन क्षेत्र पुरुषको हो भन्ने भ्रम तोडिएको छ, २०६६ मंसिर १५, काठमाडौं ।

भण्डारी ,के आर, २०११. नेपाल पर्यटन वर्ष २०११, काठमाडौं : नेपाल पर्यटन विकास समीक्षा, अंक १

# परिशिष्ट २
# पर्यटन व्यवसायमा महिला र यसले पारेको प्रभाव
**प्रश्नावली अनुसूची**

**सामान्य परिचय :**

उत्तरदाताको नाम :.............................लिङ्ग...................उमेर.........धर्म.........व्यवसाय..........
शैक्षिक योग्यता.................... जात/जाती................वैवाहिक स्थिति................... मिति :

२. पारिवारिक विवरण :

| क.सं. | नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | व्यवसाय |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

३ तपाईको परिवारको प्रकार कस्तो रहेको छ ?

क. एकल ख. संयुक्त ग. अन्य.........

४ तपाई पर्यटन व्यवसायमा प्रवेश गरेका कति वर्ष भयो ?

क. ०-३ वर्ष ख) ३-६ वर्ष ग) ६-९ वर्ष घ) ९-१२ वर्ष भन्दा माथी

५ तपाई पर्यटन व्यवसाय आफनै घरमा सञ्चालन गर्नुभएको छ की घर भाडामा लिएर ?

क) आफ्नै घर ख) भाडामा घर

६ पर्यटन व्साय आयआर्जनको अरु कुनै क्रियाकलापमा पनि तपाईको संलग्नता छ।

क) छ ख) छैन्

७ यदि छ भने कस्तो क्रियाकलापमा संलग्नता छ ?

कं) नोकरी ख) कृषि ग) व्यापार ग) अन्य

८ यस व्यवसायबाट तपाईको मासिक आम्दानी कति हुन्छ ?

क.) १०,००० ख) १५,००० ग) २०,००० घ) २५,००० ङ) ३०,००० भन्दा बढी

९ पर्यटन व्यवसायबाट प्राप्त आम्दानीले तपाईको परिवारको समस्याहरु सामाधान भएका छन्, ?

क) छन् ख) छैनन्

१० तपाईका परिवारका सदस्यहरुको अरु आम्दानीका श्रोत छन् ?

क) छन्       ख) छैनन्

११ यदि  छन् भने ति के के हुन ?

क)कृषि       ख) नोकरी     ग) व्यापार     घ) वैदेशिक रोजगार     ङ) अन्य

१२ परिवारका सबै सदस्य तपाईकै आम्दानीमा आश्रीत छन् ?

क) छन्       ख) छैनन

१३ यस व्यवसायवाट  प्राप्त आम्दानी तपाईकै सबैभन्दा बढी केमा लगानी वा खर्च गर्नुहुन्छ ?

क)अचल सम्पती खरीद  ख) सवारीसाधन खरीद  ग) घरव्यवहार र शिक्षा घ) बैंक डिपोजिट  ङ) अन्य

१४ तपाईको घरको निर्णय प्रक्रियामा तपाईको भुमिका कस्तो छ ?

कं) सक्रिय       ख) सामान्य     ग) निष्कृय

१५ तपाईको काममा तपाईको परिवारका सदस्यहरुको सहयोग कस्तो पाउनेभएको छ ?

क) पूर्ण सहयोग   ख) आंशिक सहयोग   ग) असयोग

१६ यो व्यवसायमा तपाईको रुचि पहिले बाटै थियो  ?
क) थियो       ख)  थिइन

१७ यस व्यवसायवाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु        ख) छैन्
१८   इदि हुनुहुन्छ भने किन ?
१९. तपाईको पर्यटनसँग सम्बन्धीत कुनै  तालिम लिनु भएको छ ?
क)   छु       ख) छैन
२०. यदि  लिनुभएको छ भने कस्तो तालिम लिनु भएको छ श्र
२१. तपाईको सामाजिक संघसंस्थाप्रतिको आकर्षण पहिले बाट नै थियो ?
क) थियो       ख) थिएन
२२. यदि  भए कस्तो संस्थामा आवद्ध हुनुहुन्छ ?
२३. पर्यटन व्यवसायमा महिलाको सहभागिको स्तर कुन रुपमा पाउनु भएको छ ?
क) उच्च        ख) समान    ग) न्युन
२४. कस्ता प्रकारका पर्यटकहरुलाई तपाईले सेवा प्रदान गर्नुभएको छ ?
क) आन्तरिक       ख) वाह्य       ग) दुवै
२५. तपाईले यस व्यवसायबाट पर्यटनको मन जित्न सक्नु भएको छ ?
क) छु         ख) छैन्
२६. तपाईले पर्यटनको रुचि अनुसारको भ्रमणस्थलको प्रथमिकता निर्धारण गरिदिनु भएको छ ?
क) छु         ख) छैन्

२७. यदि छ भने तल उल्लेखित कुन कुन स्थानलाई प्राथमिकता दिनु दिनुभएको छ र किन ?

| क्र. सं. | पर्यटकिय स्थल | रहेको स्थान | किन |
|---|---|---|---|
| क) | महाराजा मन्दिर | हात्तीखोर | |
| ख) | टरुवा ताल | टरुवा | |
| ग) | पोखरी ताल | हात्तीखोर | |
| घ) | लामिचौर | पिठौली | |
| ङ) | शेरगञ्ज | शेरगञ्ज | |
| च) | थारु भिलेज | अमलटारी | |
| छ) | अमलटारी गृहवास | अमलटारी | |
| ज) | ववनौली गृहवास | ववनौली | |

२८. यो व्यवसायमा प्रवेश गर्नुभन्दखा पहिले तपाई के गर्नुहुन्थ्यो ?
क) गृहिणी ख) कृषक ग) विद्यार्थि घ) बेरोजगार ङ) अन्य

२९. यो व्यवसायले तपाईको सिप र क्षमतामा बृद्धि भएको छ ?
क) छ ख) छैन
३०. यो व्यवसायले तपाईमा आर्थिक स्वतन्त्रता ल्याएको छ ?
क) छ ख) छैन
३१. यदि ल्याएको छ भने कस्तो स्वतन्त्रता ल्याएको छ ?
३२. तपाईको यस व्यवसायप्रतिको सक्रियताले गर्दा कुनै सम्मान वा पुरुस्कार प्राप्त गर्नुभएको छ ?
क. छु ख) छैन
३३. यदि प्राप्त गर्नुभएको छ भने त्यो के का लागि को बाट प्राप्त गर्नुभएको हो ?
३४. हाल तपाईलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन पाउनु भएको छ ?
क) छु ख) छैन्
३५. पर्यटन व्यवसायमा देखापर्नृ समस्याहरु के के हुन् ?
३६ यस व्यवसायमा प्रबेश गर्दाको अवस्था तपाईमा कुन कुन समस्या आईपरेका थिए् ?
.क) पारिवारिक ख) आर्थिक ग) सामाजिक

३७. पर्यटन व्यवसायमा प्रवेश गर्दा तपाईलाई भाषाको कठिनाई भयो छ कि छैन ?
क) भयो ख) अलिअलि भयो ग) भएन

३८. तपाईले पर्यटकहरुबाट अपमानजनक व्यवहारको सामना गर्नुपरेको छ कि छैन ?
क) समना गर्नुपरेका छैन खं) समना गर्नुपरेका छ

३९. यदि सामना गर्नुपरेको भए कस्तो व्यवहार थियो ?
४०.महिला भएकै कारणले पर्यटन व्यवसायमा तपाईलाई लैङ्गिक विभेद भोग्नु परेको छ ?
क) छ ख) छैन
४१. यदि छ भने कस्ता समस्याहरु परेका छन् ?
४२. यो व्यवसायमा देखा परेका समस्याहरुको तपाईले सामाधान गर्नुभएको छ ?
४३. यस सम्बन्धमा तपाईका थप केही समस्याहरु पनि छन् कि ?

***तपाईको अमुल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद ।***

## परिशिष्ट-३

## मुख्य जाफिकार व्यक्तिहरुसँगको अन्तवार्ताको प्रश्नावली

नामः उमेर : लिङ्ग :

पेशा : शिक्षा :

१. समाजले महिला पर्यटन व्यवसायीलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

क) सकारात्मक ख) नकारात्मक

२. पर्यटनमा संलग्न महिलाहरुको आफ्नो परिवारको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

क) सक्रिय ख) सामान्य ग) निस्कृय

३. पर्यटन व्यवसायमा लागेका महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न सकेका छन् ?

क) छन् ख) छैनन्

४. पर्यटन व्यवसायमा महिलाहरुका लागि कस्तो व्यवसायमा रुपमा लिईन्छ ?

क) राम्रो खं) ठिकै ग) नराम्रो

५. पर्यटन व्ययसायमा महिला सहभागिता के कति रहेको छ ?

क) उच्च ख) समान ग) न्यून

६. यस व्यवसायमा सहभागी महिलाहरुको जीवनमा परिवर्तन आएको देख्नु भएको छ ?

क) छु ख) छैन

७. यस व्यवसायमा लागेका महिलाहरुको मनोवल कस्तो रहेको पाउनु भएको छ ?

क) उच्च खं न्यून गं कमजोर

८. तपाईको अनुभवमा व्यवसायमा सहभागी महिलाहरुका लागि सबैभन्दा समस्याको विषय कुन हुन् ?

**तपाईको अमुल्य सहयोगको लागी धन्यवाद ।**